## अध्याय एक :
## शोधको परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शैली वैज्ञानिक अध्ययन विश्लेषणको माध्यमबाट भाषाको अध्ययन विश्लेषण गर्ने परम्परा त्यति लामो छैन। नेपाली शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्ने परम्परा वि.स. २०३० को दशकदेखि हालसम्म रहँदै आएको पाइन्छ तर शैली वैज्ञानिक अध्ययन विश्लेषणको थालनी भने नेपाली भाषाले शैली वैज्ञानिक अध्ययनमा पाश्चात्य आङ्ग्ल-अमेरिकाली र हिन्दी शैली वैज्ञानिक अध्ययनबाट प्रमाण पाएको कुरालाई नकार्न सकिँदैन ।

विगत एक शताब्दी (सन् १९१५) यताका शैली वैज्ञानिक यात्रा क्रममा शैली सम्बन्धी पाँच आधारभूत दृष्टिकोण देखापरेका छन् र ती हुन् : १) शैलीलाई लेखकीय भाव-विचारको गुदीको भाषिक बाह्य आवरण वा सामान्य भाषामा थपिएको अतिरिक्त भाषिक-पराभाषिक तत्व मान्ने, २) शैलीलाई लेखकको मनोलोकको प्रतिबिम्बक वैयक्तिक भाषिक प्रवृत्ति ठान्ने, ३) शैलीलाई भाषागत मानक विचलनका रूपमा हेर्ने, ४) शैलीलाई उपलब्ध भाषिक विकल्पमध्येको चयन र विन्यास मान्ने, ५) शैलीलाई भाषाका व्याकरणात्मक ढाँचा (सन्ध्वनि/ लेखिम/रुपिम; समरूप-शब्द पद; पदावली/वाक्यखण्ड; वाक्यभन्दा विशिष्टि अन्तरवाक्यीय वाक्योत्तर) सङ्कथनगत वैशिष्टच मान्ने (त्रिपाठी, २०६५ :४५४) ।

साहित्यिक कृतिको भाषिक पक्षको वस्तुपरक अध्ययन नै शैली विज्ञान भएकाले साहित्यिक कृतिको संरचना, बनोट, बुनोट आदिको विश्लेषण र कृतिको अन्तरनिहीत कला सौन्दर्यको समेत अध्ययन शैली विज्ञानले गर्दछ। यस अध्ययनमा कृष्ण धरावासीको **राधा** (२०७३) उपन्यासको अध्ययन विश्लेषण गरिएको छ। यस शैली वैज्ञानिक अध्ययनको मुख्य पृष्ठभूमि साहित्य हो। साहित्यका विविध विधाहरूमध्ये उपन्यास विधाको भाषिक पक्षको अध्ययन तथा विश्लेषणसँग यो शोध केन्द्रित रहेको छ। यो उपन्यासमा राजनीतिक र मानवीय समस्या प्रमुख रहे पनि त्यसमा नारी र पुरुषबीचको प्रेमको अनौठो प्रस्तुति भएको छ। सधैँ सँगै भएर, एकअर्काप्रति गहिरो प्रेम र आकर्षण भएर पनि यौन र विवाहबाट पृथक रहेको जयबहादुर र जयमायाको जोडी मानव यौनमनोविज्ञानसँग नमिल्दो लागेको छ। मानिसको जीवन वृत्तान्त, सङ्घर्ष, मानवताको उपेक्षा तथा जीवनको अस्तित्वप्रति सचेतता जस्ता कुराको व्याङ्ग्यात्मक प्रस्तुति गरिएको छ।

## १.२ समस्याकथन

समस्याकथन अध्ययन अनुसन्धानको विशिष्ट कार्य हो । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषय भन्ने बुझ्नुपर्छ (बन्धु, २०६५ : १७) । समस्या कथन भनेको अनुसन्धानको विषयको सङ्क्षिप्त स्पष्टोक्ति हो (भट्टराई २०६५:८९) । चयन गरिएको शोध शीर्षक अन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो (शर्मा र लुइँटेल, २०६६ : २१) । अनुसन्धेय समस्याको आयाम, प्रकृति, शोध गरिने समस्यासँग गाँसिएर आउने प्रश्न, जिज्ञासा वा समस्या नै समस्या कथन हो । समस्या कथनहरू केही मूल प्रश्नात्मक र तिनैसँग गौणात्मक तरिकाले गाँसिएर आएका पनि हुन्छन् । बौद्धिक अन्तर्मन्थनका सचेत उपन्यासकारद्वारा लेखिएको उपन्यासको लेखनशैली भाषिक प्रयोग, वाक्यगठन, रचनाशिल्प, संरचना आदि विषयवस्तुको आधारमा हालसम्म साहित्यकार कृष्ण धरावासीको **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन र विश्लेषण गर्नु अघि यससम्बन्धी कुनै अध्ययन विश्लेषण नभएको हुँदा उल्लिखित उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु नै अध्ययनको प्रमुख समस्या रहने छ । **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

क) कथानक र पात्रका आधारमा **राधा** उपन्यास के कस्तो छ ?

ख) शैलीवैज्ञानिक मान्यताका आधारमा **राधा** उपन्यास के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोध कार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूलाई प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो (भण्डारी र अन्य २०७१ : १२५) । समस्या कथनमा उठेका शोधसमस्याहरूसँग सम्बन्धित प्रश्नहरूको उत्तर वा समाधान खोज्ने काम गर्नु नै शोधको मुख्य उद्देश्य हो (शर्मा र लुइँटेल, २०६६ : २२) । समस्या कथनमा आएका समस्याहरूको स्पष्ट, सरल, विशिष्ट, अभिधात्मक, दोहोरो अर्थ नलाग्ने सूत्रात्मक भाषाको माध्यमबाट उद्देश्य निर्धारण गर्नुपर्छ । प्रस्तुत उपन्यासको शैली वैज्ञानिक अध्ययन शीर्षक शोध निम्न उद्देश्यहरूमा केन्द्रित रहने छ ।

क) कथावस्तु र पात्रका आधारमा **राधा** उपन्यासको विश्लेषण गर्नु ।

ख) शैली विज्ञानका प्रमुख मान्यताका आधारमा **राधा** उपन्यासको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

शोध प्रस्तावमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ। (भण्डारी र अन्य २०७१ : १२८) शोधकार्य औचित्यपूर्ण नभएमा त्यो पुस्तकालयको दराज ढाक्ने भार मात्र हुन्छ (शर्मा र लुइँटेल, २०६६ : २४)। कृति विश्लेषणबाट साहित्यका विभिन्न स्रष्टाको प्रतिभा फस्टाउने अवसर प्राप्त हुन्छ भने अर्कातिर व्यक्तिमा निहित द्रष्टा व्यक्तित्त्वसमेत प्रस्फुटित हुने राम्रो अवसर प्राप्त हुन्छ। साहित्यका विभिन्न विधाको अध्ययनबाट विद्यार्थीहरूले आफ्नो बौद्धिक तथा संवेगात्मक अनुभूतिलाई क्रमशः अभिव्यक्त गर्दै त्यसबाट सामाजिक तथा नैतिक पक्षको विकासमा समेत टेवा पुग्दछ (अधिकारी, २०६२ : १०८)। वस्तुवादी, पूर्वाग्रहरहित, प्राज्ञिक दृष्टिकोणले युक्त शोधार्थी पश्चिमी साहित्यबाट ग्रहण गरिएका उपन्यास विधानलाई प्रासङ्गिक, प्रभावकारी र सर्वमान्य विश्लेषण र गहिरो अन्वेषण गरी निष्कर्ष निकाल्न सक्ने उत्पादनशील र सिर्जनशील बनाउन शोधार्थीलाई सहयोग पुऱ्याउने छ। प्रस्तुत उपन्यास **राधा**को राम्ररी सर्वेक्षण र धैर्यतापूर्वक छनोट गरिएका उपकरणहरूको परीक्षण गरी शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गरिएको छ। यस्तो कार्यमा शोध चेतनाको ज्ञान र अभ्यास हुनु आवश्यक देखिन्छ। यस उपन्यासको विषयवस्तुमा आधारित भएर समालोचकहरूले समालोचना वा टिप्पणी गरे पनि इमान्दार, सदाचारयुक्त ज्ञानलाई युगानुकुल बनाउँदै लैजान शोधार्थीबाट मात्र यसको वैज्ञानिक, वस्तुगत तथा व्यवस्थित रूपमा कृतिकेन्द्री अध्ययनका लागि शैली वैज्ञानिक अध्ययनले महत्त्वपूर्ण भूमिका खेलेको छ। यस्तो अध्ययनले जटिल बनेका उपन्यासहरूको शिक्षण प्रक्रियामा सुधार भई सहज हुन जाने हुनाले यस अध्ययनको औचित्य र महत्त्व स्वतः देखिने छ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधार्थीले प्रस्तुत गरेको शोध शीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न नसकेका अवस्थामा शोधप्रस्तावमा के कति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ (भण्डारी र अन्य २०७१ : १२८)। अध्ययन अनुसन्धानको क्षेत्र व्यापक हुन्छ। व्यापक क्षेत्रको अनुसन्धान गर्दा शोधकार्य वस्तुगत, वैज्ञानिक र सार्थक नभई सैद्धान्तिक आधार र ढाँचा बिनाको हुन सक्छ जसले गर्दा अध्ययन सूक्ष्म र विशिष्ट नभई शारीरिक संरचना नमिलेको मासुको थुप्रो जस्तो मात्र रहन्छ। त्यसकारण यो शोध प्रबन्ध पूरा गर्नका लागि निम्नलिखित सीमामा रही प्रकाशित **राधा** उपन्यासको अध्ययन गरिएको छ :

क) औपन्यासिक तत्त्वगत आधारमा औपन्यासिक, कथावस्तु, पात्र विधानको चर्चा गर्ने उद्देश्यमा मात्र यो अध्ययनलाई केन्द्रित गरिएको छ ।

ख) शैलीविज्ञानका प्रमुख मान्यता (चयन, अग्रभूमीकरण, समानान्तरता, विचलन) का आधारमा यस उपन्यासको अध्ययन विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

आवश्यकताअनुसार विभिन्न परिच्छेद वा अध्याय र त्यसअन्तर्गत विभिन्न शीर्षक उप-शीर्षकमा विभाजन गरिन्छ । शोधप्रस्ताव तयार गर्दा पूर्वानुमानका आधारमा मुख्य-मुख्य परिच्छेद र शीर्षकहरू उल्लेख गरी शोधपत्रको रूपरेखा प्रस्तुत गर्नुपर्दछ । यसरी प्रस्तुत गरिएको रूपरेखा अन्तिम शोधपत्र तयार गर्ने क्रममा आवश्यकता अनुसार थपघट पनि हुन सक्छ (भण्डारी र अन्य २०७१ : १२९) ।

प्रस्तुत शोधपत्र **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययनको रूपरेखालाई निम्नानुसार देखाइने छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : कथानक र पात्रका आधारमा **राधा** उपन्यास

अध्याय पाँच : भाषागत आधारमा **राधा** उपन्यासको शैलीवैज्ञानिक अध्ययन

अध्याय छ : साराशं, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

यसरी छ अध्यायमा विभाजन गरिएको यो शोधकार्यको शीर्षकहरूको रूपरेखालाई माथि देखाइएको छ यसैका आधारमा केन्द्रित रहेर उपशीर्षकहरू उल्लेख गरी यो शोधकार्य तयार गरिएको छ ।

# अध्याय दुई :

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

## २.१ परिचय

नेपालमा व्यवस्थित र वैज्ञानिक रूपमा भाषिक अनुसन्धान वि.स. २०१६ सालमा त्रि.वि.को स्थापना पश्चात् भएको पाइन्छ। वि.स. २०३९ सालमा त्रि.वि.ले मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण प्रारम्भ गरेपछि साहित्यतर्फ प्रशस्त खोज अनुसन्धान भएका छन्। वि.स. २०४१ सालदेखि त्रि.वि.ले शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा नेपाली विषयको शिक्षण सुरु गरेपछि भाषा शिक्षणसम्बन्धी अनुसन्धानहरू हुँदै आएका छन्। शिक्षाशास्त्र सङ्काय एम.एड. नेपाली दोस्रो वर्षको पाठ्यांश पुरा गर्ने प्रयोजनका निम्ति अनुसन्धान भएका छन्। हालसम्म उपन्यास, नाटक, गीतिनाटक, खण्डकाव्य र निबन्ध सङ्ग्रहका क्षेत्रमा शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ। हालसम्म भएको शैली वैज्ञानिक अध्ययनहरूमा सबैभन्दा बढी उपन्यासमा पाइन्छ।

सापकोटा, (२०५९) द्वारा *'माइतघर' उपन्यासको शैली वैज्ञानिक अध्ययन* शीर्षकमा अनुसन्धान गरेको पाइन्छ। पुस्तकालयीय विधि अपनाएर शोधपत्र तयार गरिएको माइतघर उपन्यासमा प्रयुक्त शब्दचयन, वाक्यचयन, उखान टुक्का र प्रचलित थेगोको प्रयोग प्रभावकारी रूपमा देखिएको पाइन्छ। बिम्ब, प्रतीक, निपात, अनुकरणात्मक शब्द, अलङ्कार र चिह्नहरूको समुचित प्रयोग भएको र आङ्गीरसमा करुणा, अङ्गरसमा शृङ्गार रस रहेको छ। व्याकरणिक विचलन, कोशीय विचलन, ध्वनि प्रक्रियात्मक विचलन र अर्थतात्विक विचलन प्रभावकारी रूपमा देखिन्छ। उक्त उपन्यासमा बाह्य समानान्तरताको तथा आन्तिरिक समानान्तरताको प्रभावकारिता भाषिक पक्षमा झल्कन्छ।

पुडासैनी, (२०६१) द्वारा 'राजेश्वरी' शीर्षकको अनुसन्धान गरेको पाइन्छ। विषयवस्तु ऐतिहासिक भएको उक्त खण्डकाव्यको कथानक रैखिक ढाँचामा अघि बढेको, बिम्ब र प्रतीकको समुचित प्रयोग भएको, तत्सम शब्दको प्रयोग, कारुणिक कथानक र मानक भाषाको प्रयोग नै अध्ययनको निष्कर्ष हो। यो अध्ययन तयार गर्नका लागि पुस्तकालीय विधिको प्रयोग गरिएको पाइन्छ।

निरौला, (२०६२) द्वारा 'नासो' कथाको शैली वैज्ञानिक अध्ययन गरेको पाइन्छ । उक्त शोधकार्यमा नासो कथाको कथानकको विश्लेषण र भाषिक अध्ययनको विश्लेषण पुस्तकालयीय पद्धतिको आधारमा गरिएको छ ।

पन्थी (२०६३) द्वारा *'बसाइँ' उपन्यासको शैली वैज्ञानिक अध्ययन* शीर्षकको अनुसन्धानमा उपन्यासको औपन्यासिक, चरित्र र भाषामा केन्द्रित भई अनुसन्धान गरेको देखिन्छ । उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको र पूर्वेली भाषिकाको बाहुल्य रहेको उक्त अनुसन्धानले देखाउँछ ।

बम (२०६३) द्वारा *'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषण* गरेको पाइन्छ । अवसरवादी र निष्ठावादी विचारको अवस्था देखाएको यस उपन्यास नेपालको पञ्चयती व्यवस्थामा भएका गरेका विभिन्न घटनाहरूलाई यसका मूल पात्र लक्ष्मी र रविका माध्यमबाट देखाएको कुरा उल्लेख गरेको पाइन्छ । शैली वैज्ञानिक भाषाका आधारमा पनि यसको अध्ययन विश्लेषण गरेको पाइन्छ ।

खरेल (२०६६) द्वारा *'तारा' शोककाव्यको शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । यस शोककाव्यको काव्यकार मित्रप्रसाद दाहाल स्वयम् र पत्नीबीचको आदेश प्रेमलाई केलाउँदै नेपाली समाजमा भइरहेको पति र पत्नीबीचको हिंसा र हत्याका घटनाहरूलाई हटाउन सकिने दृष्टिकोण काव्यमा प्रस्तुत गरेको पाइन्छ । शैली वैज्ञानिक भाषाका आधारमा पनि यसको अध्ययन विश्लेषण गरेको पाइन्छ ।

मैनाली (२०६९) द्वारा *'नारी सन्देश' काव्यको शैली वैज्ञानिक अध्ययन* विश्लेषण गरेको पाइन्छ । कथावस्तु, पात्र, उद्देश्य, अलङ्कार र छन्दको प्रयोगमा विश्लेषण गरिएको यस अध्ययनमा नारीले आफ्नो आत्मअधिकारका निम्ति आफै नै विद्रोहको स्वर उराल्न संगठित हुनुपर्दछ भन्ने सन्देश दिएको कुरा साथै नारीले भोग्नुपरेका अनेकन हिंसालाई सफल रूपमा उतारिएको छ भन्ने कुरा यस अध्ययनमा पाइन्छ ।

ओली (२०७१) द्वारा *'दृष्टि' उपन्यासको शैली वैज्ञानिक अध्ययन* गरेको पाइन्छ । सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा नेपालको १२ वर्षे जनयुद्धलाई यसले आफ्नो बिषय बनाएको पाइन्छ । यसको अध्ययन विश्लेषण कथानक पात्रका आधारमा गरिएको पाइन्छ । शब्द चयन, वाक्य चयन, चिन्ह प्रयोग र उखान टुक्काको चयनको विश्लेषण गरिएको यस उपन्यासमा विचलन, समान्नतरताका आधारमा पनि अध्ययन विश्लेषण गरिएको पाइन्छ ।

यसरी थुप्रै कृतिहरूको विश्लेषण र शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ। अन्य विधाहरू भन्दा उपन्यास विधाको शैली वैज्ञानिक अध्ययन बढी देखिन्छ। सूक्ष्म विश्लेषण र मूल्याङ्कन अभावमा शैली वैज्ञानिक मान्यताका आधारमा जतिसुकै अनुसन्धान गरे पनि ती एउटै जस्तो लाग्दछन्। कोरा भावुकता, काल्पनिकता, अव्यवस्थित, अवैज्ञानिक अध्ययन र विश्लेषणको सट्टा निश्चित, वस्तुगत र विश्लेषण गर्ने सीप एवम् ज्ञान दक्षतामा वृद्धि नभएसम्म अनुसन्धानलाई सूक्ष्म, विशिष्टीकृत एवम् अद्यावधिक बनाइरहन सकिन्न। यस उपन्यासको विशिष्टता खोजी निश्चित मान्यताका आधारमा मापन, सूक्ष्म विश्लेषण तथा मूल्याङ्कन गर्नु फलामको चिउरा चपाउनु जस्तै चुनौतिपूर्ण हुनेछ। **राधा** उपन्यासको समालोचनात्मक टिप्पणी भए पनि हालसम्म यसको शोध प्रबन्ध तयार नभएकाले **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन पहिलो हुनेछ।

## २.२ पूर्वकार्यको उपयोगिता

अध्ययन अनुसन्धानकर्ताले अनुसन्धान गर्न लागेको विषय र शीर्षकसँग सम्बन्धित कार्यहरू त्यसभन्दा अगाडि के कस्ता खोज, अनुसन्धान र लेखन कार्य भएका छन् तिनीहरूलाई पूर्व कार्य भनिन्छ। यसरी अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूवकार्यसँग तुलना गरेको विशिष्ट मौलिक र नवीन एवम् औचित्य सावित गर्ने कार्य पूर्वकार्यको समीक्षाबाट नै हुने गर्दछ। यसका अतिरिक्त अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य के कतिको नयाँ वा पुरानो हो कतिको महत्त्वपूर्ण वा महत्त्वहीन छ ? भन्ने कुराको जानकारी मिल्दछ। पूर्वकार्यको समीक्षा अनुसन्धान प्रस्तावको एउटा अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो। त्यसैले पूर्वकार्यबाट अनुसन्धानको औचित्य र महत्त्वलाई स्थापित गर्नका लागि मद्दत गर्दछ।

पूर्वकार्यबाट अनुसन्धानका लागि उद्देश्य, परिकल्पना अनुसन्धान पद्धतिको छनोट र पहिचानमा मद्दत पुग्ने, समस्याको वास्तविकता पहिचान गर्न सकिने, अनुसन्धेय शीर्षकको औचित्य सिद्ध गर्न, सम्बन्धित विषयमा गहन ज्ञान प्राप्त हुने अनुसन्धानको विषय छनोट बारे सुरु भएर अन्त्य सम्म नै महŒका साथ रहिरहने यो अङ्गले अनुसन्धान कार्यमा पुरानो सिद्धान्त र कार्य पद्धतिको निरूपण गरेर अनुसन्ध्येय विषयमा मौलिक योगदान दिन्छ। त्यसैले अनुसन्धानलाई मौलिक विशिष्ट र नवीन बनाउनका लागि अनुसन्धानमा पूर्वकार्यको उपयोगिताको अपरिहार्यता रहन्छ।

पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्ने, प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति

निर्क्योल गर्न, अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नँया सिद्धान्तको खोजी गर्न, सम्बन्धित विषयको गहिरो ज्ञान गर्न, अनुसन्धानलाई बैध र विश्वसनीय बनाउन, अनुसन्धान ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न, पहिले भएका अनुसन्धानहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ (भट्टराई २०६५ : ९५)। यस अनुसन्धान कार्यका लागि यसभन्दा अगाडिका अनुसन्धानकार्यहरूको अनुसन्धानले पूर्वकार्यको रूपमा सहयोग प्रदान गरेको छ ।

अतः प्रस्तुत शोधकार्यलाई निश्चित ठाउँमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ ।

## २.३ सैद्धान्तिक अध्ययन

### २.३.१ परिचय

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार शैली वैज्ञानिक पद्धति मानिन्छ। यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ। यस सैद्धान्तिक/धारणात्मक रूपरेखामा शैलीको परिचय शैली विज्ञानको परिचय, सैद्धान्तिक स्वरूप, शैली विज्ञानको विश्लेषण प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

### २.३.२ शैलीको परिचय

नेपाली भाषामा प्रचलित 'शैली' संस्कृत भाषाको शील् धातुमा लक् प्रत्यय लागि व्युत्पन्न भएको तत्सम् शब्द हो। समालोचनाका क्षेत्रमा वर्तमानमा निकै प्रचलनमा आएको यो शब्द ल्याटिन भाषाको स्टिलबाट अङ्ग्रेजीमा आएको स्टायल शब्दको नेपाली रूपान्तरण हो। ल्याटिन भाषामा स्टिल शब्दले धातुको लेख्ने साधन भन्ने जनाउँछ। पछिल्ला समयमा अर्थ परिवर्तन भएर स्टाइल शब्द परिपाटी, ढाँचा, तरिका, शैली आदि अर्थमा रूढ हुन पुगेको छ (सिप्ले, सन् १९७० : ३१४)। अङ्ग्रेजीमा विभिन्न अर्थका लागि शैली शब्दको प्रयोग भएता पनि साहित्यका सन्दर्भमा अङ्ग्रेजीको स्टायल शब्दले भावाभिव्यक्ति प्रकट गर्ने तरिका अर्थात् वक्ताको वक्तृत्व शक्ति, लेखकको अभिव्यञ्जना पद्धति, व्यक्तिको वैयक्तिक विशिष्टता, विषय विवेचनाको प्रविधि, आचार, विचार एव. व्यवहारको ढङ्ग बोलाइको तौरतरिकालाई सङ्केत गरेको देखिन्छ ।

प्राचीन संस्कृत साहित्यमा शैलीको पर्यायका रूपमा विभिन्न साहित्याचार्यहरूले एकाधिक शब्दको प्रयोग गरेका छन्। तीमध्ये रीति शब्द सर्वाधिक प्रचलित र प्रसद्धि छ (नेपाल, सन् १९९२

: ३२) । साहित्यको 'शैली' का निम्ति रीति शब्दको प्रयोग गर्नुपूर्व यसको स्थानमा वृत्ति, प्रवृत्ति, मार्ग आदि एकाधिक संज्ञा प्रचलित थिए ।

उपर्युक्त पृष्ठभूमितर्फ नियाल्दा अङ्ग्रेजी शब्द स्टाइलको संस्कृत पर्यायका रूपमा रीति शब्द नै प्रचलित देखिन्छ (नेपाल, सन् १९९२ : ३३) । भारतीय आर्य भाषाका साहित्यमा शैली शब्दले अङ्ग्रेजी स्टाइल र संस्कृत रीतिको सर्वमान्य पर्यायका रूपमा प्रचलन र स्थिरता पाइसकेको देखिन्छ । शैलीलाई अर्थ्याउने क्रममा बृहत् नेपाली शब्दकोशले निम्न अर्थ दिएको छ :

क) विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पद्धति, काम गराइको ढाँचा, परिपाटी, छाँट, छन्द,

ख) असल शील स्वभाव भएका व्यक्तिबाट हुने कुरो,

ग) कुनै सिद्धान्त जस्तै भएर आएको रीति वा चलन,

घ) साहित्य रचनामा लेखकका व्यक्तित्व विशेषताको छाप दिने वा विषवस्तुका अनुकूल भाव, अभिव्यक्त हुने खास ढाँचा (सरल शैली, तार्किक शैली, आलङ्कारिक शैली) आदि ।

शैली के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । ती अवधारणाहरू कुनै पाठकपरक, कुनै लेखककेन्द्री र कुनै श्रोताकेन्द्री छन् । यहाँ शैली सम्बन्धी केही धारणाहरू प्रस्तुत गरिएका छन् :

शैली चयन हो । चयन भनेको छनोट हो । स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा उपलब्ध विकल्पमध्ये कुनै एउटा भाषिक एकाइको सुविचारित छनोट गर्दछ । जस्तै : आमा र माता दुवैको अर्थ एउटै हो। स्रष्टाले यी दुबै शब्दमध्ये कुनै एकको छनोट गर्दछ। स्रष्टाले उपलब्ध विकल्पहरूमध्ये ज्यादै सुहाउँदो चाँहि छानेर लिनु नै चयन हो । आमा र माता को अर्थ एउटा भए पनि शब्दस्रोतका दृष्टिले आमा तद्भव शब्द हो भने माता तत्सम शब्द हो। स्रष्टाले आफ्नो अभिव्यक्तिका क्रममा जुनलाई उपयुक्त ठान्छ त्यसैलाई छनोट गरेर लिनु नै चयन हो। चयन अभिव्यक्तिको तहमा पनि हुन्छ तर यसको खास प्रयोजन चाहीँ भाषिक तहमा देखापर्दछ (शर्मा, २०५५ : ५४१) ।

पूर्वीय आचार्य वामनका अनुसार विशिष्ट पदसंघटना रीति हो भन्ने र पाश्चात्य विद्वान् स्विस्टको काव्य उत्तम क्रममा उत्तम शब्द योजना हो भन्ने भनाइले शैली भाषिक विकल्पहरूबाट गरिएको चयन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ (शर्मा, २०५५ : २३) । स्रष्टाले विभिन्न उपलब्ध

विकल्पहरूमध्ये उपयुक्त विकल्प छनोट गर्ने क्रममा कथ्य र अभिव्यक्ति दुबै स्तरमा सामग्री छान्ने र त्यसको कुशल संयोजन गर्ने कार्य गर्दछ । संयोजनमा वैयक्तिक भिन्नता भए पनि यसलाई सारपूर्ण तवरले कलात्मक पद्धति अवलम्बन गरिएको हुन्छ ।

व्याकरणका नियमले नियन्त्रण गरी रूढ र यान्त्रिक बनाएको भाषाबाट स्वतन्त्र रही कृतिमा भाषिक सौन्दर्यको पृथक् र अर्थपूर्ण गोलार्धको खोजी गर्नु नै विचलन हो (ढकाल, २०५० : ९७) ।

विचलन भनेको व्याकरणगत नियमको अनभिज्ञतावश गरिने अव्याकरणिक प्रयोग होइन (नेपाल, सन् १९९२ : ४४) । शैलीगत विचलन त्यस्ता विचलित प्रयोग हुन् जसका कारणहरू विश्लेष्य, सार्थक र सम्भवतः सचेत पनि हुन्छन् । व्याकरणसम्मत भाषिक परिधिभित्रै प्रयोक्तालाई उपलब्ध विभिन्न विचलनबाट गरिने चयनात्मक प्रयोगलाई कसैले विचलन मानेका छन् ( श्रीवास्तव, सन् १९८० : ५९) ।

शैली कथ्य र रूप दुबै हो । शैलीमा कथ्य र रूप दुबैको अन्विति पाइन्छ । चार्ल्स बाली र उनका अनुयायीहरूले शैलीलाई कथ्य वा विचारको आवरणका रूपमा परिभाषित गरेका छन् ( नेपाल, सन् १९९२ : ४०) । यसमा कृतिभित्रको कथ्य र कृति रचनाको कारण स्रष्टाको दृष्टिकोण एवम् लेखनपद्धतिको प्रभाव कलात्मक रूपमा भएको हुन्छ ।

शैली अर्थ हो । वास्तवमा शैली रूपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो । भाषिक संरचनाद्वारा सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ ।

शैली भाषा हो । सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाको माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ र यो भाषाविना सम्भव छैन । शैली भाषाको वैविध्य हो । सामान्य भाषा व्याकरणिक दृष्टिकोणले मिल्दोजुल्दो भए पनि स्रष्टाले व्याकरणका नियमहरूको अतिक्रमण गरेर आफ्ना रचनाहरूलाई बढी आकर्षक र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा अभिधात्मक, एकार्थक, अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्ष्यणात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङकृत, विचलित, भावोपयोगी एवम् सिर्जनात्मक हुन्छ । यसरी हेर्दा स्रष्टाले आफ्ना अभिव्यक्तिलाई साहित्यिक भाषाको विशिष्ट एवम् कलात्मक रूपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रूपमा लिइएको हो ।

उपर्युक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढङ्गका रूपमा अर्थ्याउन सकिन्छ। हरेक व्यक्तिको व्यक्तित्व फरक हुन्छ। व्यक्तित्व अनुसार हरेक व्यक्तिको अनुभव पनि फरक-फरक हुन्छ। जे होस्, रचनामा स्रष्टाको व्यक्तित्व विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो।

### २.३.३ शैलीविज्ञानको परिचय

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा वा प्रकार हो। शैली विज्ञानलाई भाषा विज्ञानको एउटा महत्त्वपूर्ण अङ्ग वा शाखा मानिन्छ। भाषा विज्ञानले सामान्य भाषाझैं काव्य भाषा वा साहित्यिक भाषालाई पनि भाषाको एउटा प्रकार मानेपछि सो काव्यभाषाको विश्लेषणका निम्ति शैली विज्ञानको उदय भएको देखिन्छ। शैली विज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ।

शैलीविज्ञानको फाँटभित्र सामान्यको नभएर विशिष्ट (साहित्यिक) भाषाको प्रयोगको अध्ययन विश्लेषण गरिन्छ। शैली विज्ञानले साहित्यिक कृति वा सङ्कलनको भाषिक आधारमा विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा रहेको कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने लक्ष्य लिएको छ। त्यसैले शैली विज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्र (काव्यशास्त्र) को मिलनविन्दु मानिन्छ। आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैली विज्ञानको प्रारम्भ भएको मानिन्छ। शैलीका सम्बन्धमा भरत, भामह, दण्डी, आनन्दबर्धन, क्षेमेन्द्र, कुन्तक, आदिबाट साहित्यमा शास्त्रीय चिन्तन भएको पाइन्छ भने पश्चिममा प्लेटो, अरस्तु, सिसिरो आदिले शैलीका सम्बन्धमा चर्चा गरेको पाइन्छ।

शैली भनेको ढङ्ग हो। हिँडाइको, बसाइको, जस्तै बोलाइको पनि आ-आफ्नै ढङ्ग हुन्छ। शैलीलाई रीति वा तरिका पनि भनिन्छ। यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो। विषय, व्यक्ति, प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आउँछ। भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विविधतासम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैली विज्ञान भनिन्छ। आधुनिक भाषाविज्ञानको विकाससँगै शैलीको अध्ययन गर्ने नयाँ दृष्टिकोणहरू देखा परे जसमा सामान्य शैली विज्ञान र साहित्यिक शैली विज्ञानको चर्चा गरेको पाइन्छ।

#### क) सामान्य शैलीविज्ञान

साहित्येतर अभिव्यक्ति सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई सामान्य शैली विज्ञान अन्तर्गत राखिन्छ। यसमा सामान्य भेद र स्तरीय भेद, औपचारिक र अनौपचारिक भेद , मौखिक र लिखित भेद, स्थानीय भाषिका र सामाजिक भाषिकागत भेदमा अभिव्यक्ति सङ्गठनहरूको भाषिक अध्ययन विश्लेषण गरिन्छ। यसैमा एक अर्काबीच घनिष्ट शैली, आकस्मिक शैली उच्चारण सम्बन्धी विभिन्न भेद जस्तै (सम्वाद, विवाद, छलफल आदि) को अध्ययन गरिन्छ। त्यसैगरी प्रयोजनपरक भेद (विज्ञान, कानुन, धार्मिक, अर्थशास्त्र, राजनीति आदि) लाई सामान्य शैली विज्ञानमा नै समेटिन्छ। चिठी पत्र, निवेदन, विज्ञापन आदि पनि यसै अन्तर्गत पर्दछन्। यिनको अध्ययन भाषाका वर्ण, रूप शब्दभण्डार पदावली उपवाक्य र वाक्यका विभिन्न तह र तिनको छनोट र संरचनाका साथै सङ्कथन ढङ्ग, ढाँचा र शैलीगत समग्रतालाई लिइएको हुन्छ। (शर्मा, २०६२ : १६१)

### ख) साहित्यिक शैलीविज्ञान


भाषाका खास भेदको (साहित्य) अध्ययन गर्ने शैली विज्ञान साहित्यिक शैली विज्ञानका नामले चिनिएको पाइन्छ। साहित्यिक प्रसङ्गहरूको प्रकृति तथा साहित्यिक भाषाको उद्देश्यमूलक नियमको अनुशासनमा बाँधिएर अध्ययन गर्ने यसले भाषिक उपकरणका आधारमा व्यक्तिगत सौन्दर्यको उद्घाटन गर्न जोड दिएको हुन्छ। वाङ्मयको ललितकलाका स्वरूपहरू यसको अध्ययन क्षेत्रमा पर्दछन्। जस्तै : कथा उपन्यास, कविता, नाटक आदि। भाषिक माध्यमबाट व्यक्त हुने प्रत्येक रूपलाई साहित्यका रूपमा मात्र लिन नसकिने भएकाले मनुष्यको भाव संसारसित सम्बन्धित भाषिक कलालाई मात्र साहित्यिक शैली विज्ञान अन्तर्गत राखेर अध्ययन गरी साहित्यिक सौन्दर्य र उत्कृष्टताको खोजी गरिन्छ। साहित्यिक शैली विज्ञानमा भाषिक एकाइको पनि शैली वैज्ञानिक अध्ययन गरिन्छ। एकाइको सर्वप्रथम पृथकीय अध्ययन गरेपछि एकीकृत अध्ययन गर्नु यसको ध्येय रहेको हुन्छ। भाषिक आधारमा साहित्यिक भाषा वा काव्यभाषाको अध्ययन हुने भएकाले यसका साहित्यको वस्तुनिष्ठ अध्ययन हुन्छ। साथमा लेखकको लेखकीय शैलीको विशिष्टताको भाषातात्विक विश्लेषण पनि हुन्छ (भण्डारी र नेपाल : २०६७ : २४)।

## २.३.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीविज्ञानले साहित्यलाई भाषिक कला मान्दछ। भाषिक कलाअन्तर्गत यसले हरेक कृतिलाई एउटा भाषिक प्रतीक ठान्दछ। प्रतीकझैँ मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष ( रूप) सँग सम्बन्धित हुन्छ भने कथ्य आन्तरिक पक्ष (अर्थ, सन्दर्भ) सँग सम्बन्धित हुन्छ। प्रत्येक रचना यी दुवैको समन्वयात्मक रूप हुने भएको हुँदा शैली विज्ञानले अभिव्यक्ति वा रूपात्मक

अवयवबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्दछ र कृतिको संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्‌घाटन एवम् मर्मबोध गराउँछ ।

प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त रूप हुन्छ, जसलाई रचनाको बाह्‌यतल भनिन्छ । यस्तै रचनाको अमूर्त रूप पनि हुन्छ जसलाई कृतिको गहनतल भनिन्छ । शैली विज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लने प्रक्रिया अँगाल्दछ । अर्थात् शैली विज्ञानले कृतिको अमूर्त रूपलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ । शब्दान्तरमा कृतिको मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने र प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारमा कसरी सम्बन्ध स्थापना गर्ने भन्ने कुरा शैली विज्ञानले बताउँछ (शर्मा, २०६२ : ५) । यसलाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ :




उपर्युक्त तालिकाले शैली विज्ञान साहित्यलाई हेर्ने नवीन दृष्टिकोण हो भन्ने कुरा देखाएको छ । यसले भाषाविज्ञानमा उपलब्ध उपकरणका मद्दतले कृतिको शैली वैज्ञानिक अध्ययन गर्छ र विश्लेषण चाहिँ भाषा सिद्धान्तका कुनै पनि पद्धति (वर्णनात्मक, संरचनात्मक, प्रजनक रूपान्तरणात्मक) बाट गर्दछ (ढकाल २०६० : १२३) ।

### २.३.५ शैलीवैज्ञानिक समालोचनाको तह

शैली विज्ञानले खास तहमा आधारित भएर साहित्यिक कृतिको व्याख्या विश्लेषण गर्दछ । यसले प्रत्येक सिङ्गो पाठलाई कलाप्रतीकका रूपमा हेर्दछ । यसरी साहित्यिक पाठलाई कलाप्रतीकका रूपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा पहिले शैली विज्ञान अध्ययन विश्लेषणका अरू केही स्तरहरू हुँदै अघि बढेको हुन्छ । अतः साहित्कि कृतिको शैली वैज्ञानिक अध्ययन एकाधिक तहमा हुन्छ र ती विभिन्न तहको क्रमिक प्रस्तुतीकरण र समायोजनमा नै शैली

वैज्ञानिक अध्ययनको पूर्णता निहित छ (भण्डारी र नेपाल, २०६७ : २८) । त्यसलाई पूर्णता दिने निम्न तीन तहहरू छन् ।

**क) आधार सामग्रीको तह**

साहित्यिक कृतिमा प्रयोग गरिएको भाषा यस तह अन्तर्गत पर्दछ । यस तहको अध्ययन विश्लेषणमा नै कृतिमा प्रयुक्त ध्वनि, रूप, शब्द, पदावली, उपवाक्य र वाक्य आउँछन् । वाक्य चाहिँ रचनाको विश्लेषण गर्ने उत्तम एकाइ मानिन्छ । यो तह शैली विज्ञानको प्रारम्भिक तह भएकाले यसमा उक्त भाषिक एकाइहरूको संरचनात्मक तथा व्याकरणिक स्थिति बारे विश्लेषण गरिन्छ र यसले अन्य तहको लागि आधार प्रदान गर्दछ ।

**ख) कला माध्यमको तह**

यस अन्तर्गत वाक्यभन्दा माथिल्ला भाषिक एकाइको अध्ययन विश्लेषण गरिन्छ । यसभित्र छन्द, अलङ्कार, अर्थ, लय, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिलाई पनि विश्लेषण गरिन्छ । कलानुभूतिका विविध सामग्रीका माध्यमबाट अध्ययन विश्लेषणद्वारा कृतिको साहित्यिकताको अध्ययन गरिन्छ । । यो साहित्यिक छविका रूपमा रहेको हुन्छ । यसमा वाक्य वा सोभन्दा माथिका भाषिक एकाइहरू समेटिन्छन् । यसलाई साहित्यिक शैली विज्ञानका रूपमा पनि चिनिन्छ ।

**ग) भाषिक प्रतीकको तह**

विश्लेषण गर्ने सिङ्गो संरचना नै भाषिक प्रतीक भएकाले यस तहमा कृतिको संरचनागत बनोट, बुनोट आदिको अध्ययन विश्लेषण गरिन्छ । साहित्यिक कृतिको संरचनाको अध्ययन गरिने भएकाले यस संरचनाभन्दा माथिल्लो एकाइ हुँदैन । त्यसैले कृतिको संरचना नै स्वायत्त एकाइको रूपमा रहन्छ । संरचना अन्तर्गत कृतिको विविध घटकहरू समावेश भएको हुन्छन र संरचक घटकहरूको कुल योगभन्दा जे जति बढी हुन्छ, त्यसको अध्ययन पनि यसैमा गरिन्छ । निष्कर्षमा भन्दा शैली विज्ञानको यस तहले कृतिमा रहेको सौन्दर्य उद्घाटन गर्दछ। यसलाई संरचनात्मक शैली विज्ञान पनि भनिन्छ। यसरी हेर्दा कृतिको साङ्गोपाङ्ग अध्ययन विश्लेषण गर्दा उपर्युक्त तीनओटै तह उपयोगी मानिन्छ ।

### २.३.६ कृति विश्लेषणको शैली वैज्ञानिक आधार

शैलीका माध्यमबाट कुनै पनि कृतिको विश्लेषण एवम् मूल्याङ्कन गर्नका लागि आवश्यक पर्ने शैली विज्ञानको सैद्धान्तिक र प्रविधिगत उपकरणहरू नै कृति विश्लेषणका शैली वैज्ञानिक आधारहरू हुन् । यसका आधारमा कुनै पनि कृतिको व्यवस्थित क्रमबद्ध एवम् वस्तुपरक ढङ्गमा

विश्लेषण गर्न सकिन्छ । कृति विश्लेषणको शैली वैज्ञानिक आधारलाई राम्रोसँग नबुझिकन शैली वैज्ञानिक तवरले कुनै पनि कृतिको अध्ययन गर्नुपूर्व निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ (शर्मा, २०५५ : ५४८) ।


(क) विश्लेष्य कृतिको प्रकृति कस्तो छ ?

(ख) विश्लेषकको आफ्नो ज्ञान के कति छ ?

(ग) उसको आफ्नो क्षमता कस्तो छ ?

(घ) उसको शक्ति र सीमा के हो ?

शैलीविश्लेषण प्रक्रियामा विशेषतः साहित्यिक संरचना र भाषिक संरचनाका कुराहरू पर्दछन् । भाषिक संरचना अन्तर्गत वर्णदेखि वाक्यसम्मका कोटिहरू पर्दछन् । कुनै पनि भाषामा सीमित स्वर र सीमित वर्णहरू रहेका हुन्छन् । तिनै भाषिक उपकरण (वर्ण, रूप, पदावली, उपवाक्य, वाक्य) बाट नै साहित्यको सिर्जना हुन्छ । कुनै पनि साहित्यिक कृतिको शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्नलिखित प्रक्रियाबाट गर्न सकिन्छ ।




### २.३.७ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आ-आफ्नै संरचना हुन्छ । संरचना भनेको कुनै वस्तु अथवा प्रस्तुत प्रसङ्गमा कुनै कृतिमा पाइने साना-साना संरचक घटकहरूको कुल योगका साथै त्यसभन्दा बढी अरू पनि केही हो । जस्तैः मानिस आँखा, नाक, मुख, कान, हात, खुट्टा आदि जस्ता

अवयव वा शरीरका लघु घटकहरूको कुल योग हो र सो कुल योगभन्दा बढी अरू पनि केही कुरा वा व्यक्तित्व हो (शर्मा, २०५५ : १२५) । संरचनालाई बृहत् घटक पनि भनिन्छ र यो अमूर्त हुन्छ । साहित्यिक संरचनामा घटकहरू हुन्छन् भने ती घटकहरूको निम्नलिखित क्रम श्रेणी वा तह पाइन्छ ।

**क) बनोट**

बनोट वा संरचना कृतिमा पाइने साना घटकहरूको कुल योग हो । जस्तैः अङ्क, दृश्य, संवाद आदि लघु घटकहरूको कुल योग नाटक हो भने भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि लघु घटकहरूको कुल योग उपन्यास हो । कृतिका सन्दर्भमा उपर्युक्त अङ्क, दृश्य, संवाद आदि अथवा भाग, परिच्छेद आदि क्रमशः साना घटक हुन् र शैली विज्ञानले यिनै साना घटकहरूको वर्णन विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्दछ । यसरी हेर्दा संरचित कृति साना वा तल्ला घटकमा विभाजित हुन्छन् तर ती आफ्ना घटकहरूमा क्रमबद्ध र श्रृङ्खलित भएर आएका हुन्छन् । त्यसैले संरचनालाई वस्तुको आन्तरिक र अन्तरसम्बन्धित नियम, विज्ञान र व्यवस्थाको समुच्चय पनि भनिन्छ (शर्मा, २०५५ : २०) ।

**ख) बुनोट**

साहित्यिक कृतिको बनोट अमूर्त हुन्छ भने बुनोट चाहिँ मूर्त हुन्छ । बुनोट बनोटका पर्यायधारमा पाइने लघु घटकहरूको आफ्नो कार्य हो र एउटा घटकको अर्को घटकसँगको सम्बन्ध पनि हो । यस तहलाई लङ्घन, सीमित वा खण्डात्मक साहित्यिक प्रभावको तह मानिन्छ । कथानक, पात्र, छन्द, अलङ्कार, बिम्ब प्रतीक आदि यस अन्तर्गत पर्दछन् । यी घटकहरू देखिने वा पाठकका मनमा प्रतिबिम्बित हुने भएकाले बुनोट कृतिको रूपगत पक्ष अन्तर्गत पर्दछ । यस उपकरणद्वारा शैली विज्ञानले कृतिको रूपगत पक्ष अर्थात् छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदि कृतिगत वैयक्तिक वैशिष्ट्यलाई केलाउँछ (शर्मा, २०५५  : २१) ।

### २.३.८ भाषिक संरचना

भाषा साहित्यिक कृतिको माध्यम वा आधार सामग्री हो । यो बिना साहित्यिक कृतिको निर्माण सम्भव छैन । प्रत्येक भाषाको आफ्नै संरचना र व्यवस्था हुन्छ । भाषाका क्रमशः तल्ला संरचक घटकहरूको क्रमश्रेणी वा सोपानक्रम यस प्रकार रहेका छन् ।

**क) व्याकरण व्यवस्था**

व्याकरण व्यवस्थाअन्तर्गत कृतिमा विद्यमान सम्पूर्ण व्याकरणिक प्रयोगका अवस्थालाई नियाल्ने काम गरिन्छ । यो रूपप्रक्रिया र वाक्यविज्ञानसँग सम्बन्धित छ । व्याकरणिक विवरण दिन सकिने सबैभन्दा ठुलो भाषिक एकाइ वाक्य हो । व्याकरणको सिद्धान्तगत चर्चाभित्र वाक्यातीत घटकहरूलाई पूर्ण रूपले स्वीकार र वर्णन गर्ने अझसम्म अप्राप्य नै रहेका छन् (नेपाल, सन् १९९२ : १३४) । व्याकरणिक धारा (लिङ्ग, वचन, पुरूष, काल, वाच्य आदि) तथा व्याकरणिक एकाइहरू (वाक्य, उपवाक्य, पदसमूह, शब्द, रूपिम आदि) को व्यवस्थित अनुक्रम नै व्याकरणव्यवस्था अन्तर्गत पर्दछन् । भाषिक संरचनाभित्र कृतिमा व्याकरणिक पक्ष कस्तो छ भनी विश्लेषण गर्ने कार्य व्याकरणव्यवस्था अन्तर्गत पर्दछ ।

**ख) शब्दव्यवस्था**

विभिन्न रूपहरूको समुच्चयबाट शब्दको निर्माण हुन्छ । रूपहरू मुक्त र बद्ध गरी दुई प्रकारका हुन्छन् । रूपबाट निर्मित शब्द र त्यसको अर्थसँग शब्दव्यवस्थाको सम्बन्ध हुन्छ । यसैले यसलाई रूपप्रक्रिया र अर्थव्यवस्थासँग सम्बद्ध भाषिक संरचनाका रूपमा हेरिन्छ ।

साहित्य शब्दगत व्यापार हो । भाषामा सहचार क्रमिक ढाँचामा रहेका शब्दको चयन र विन्यासक्रमिक ढाँचामा तिनको संयोजन नै भाषिक प्रयोगको मूल ढाँचा हो । शब्दको अध्ययनका पनि दुई आधार छन् : स्रोतका दृष्टिले र प्रायोगिक स्वरूपका दृष्टिले । तत्सम, तद्भव र आगन्तुक गरी शब्दस्रोतका दृष्टिले तीन र प्रयोगगत स्वरूपका दृष्टिले विकारी र अविकारी शब्दलाई दुई भागमा विभाजन गर्न सकिन्छ । जे होस्, कृतिको शैली वैज्ञानिक अध्ययन गर्दा प्रयोक्ताले कुन किसिमको शब्दको कुन रूपमा प्रयोग गरेको छ र पाठमा कस्ता शब्दको प्रयोग गरिएको छ भनेर अध्ययन गरिने काम शब्दव्यवस्था अन्तर्गत गरिन्छ ।

**ग) ध्वनिव्यवस्था**

भाषामा ध्वनिव्यवस्था अन्तर्गत खण्डीय र खण्डेतर ध्वनिहरूको व्यवस्था पर्दछन् । खण्डीय ध्वनिलाई स्वर र व्यञ्जन गरी दुई किसिममा विभाजन गरिएको छ । ध्वनि उच्चारण गर्दा स्वास प्रवाहमा कुनै पनि किसिमको अवरोध नभई उच्चारित भाषिक ध्वनिहरू स्वर हुन् । यी आक्षरिक, बढी श्रवणीय, सुस्पष्ट र घोष हुन्छन् । खण्डेतर ध्वनि भनेको टुक्रा पार्न नसकिने वा टुक्राका रूपमा स्वतन्त्र उच्चारण गर्न नसकिने ध्वनि हुन् । सामान्यतया स्वर र व्यञ्जनको गुण भएर आउने र स्वतन्त्र रूपले उच्चारण हुन नसक्ने ध्वनि खण्डेतर ध्वनि हुन् । यी ध्वनिहरू छुट्टै अस्तित्व लिएर आउँदैनन् । खण्डीय ध्वनिसँग मिसिएर आउँदा यिनीहरूले पनि संयुक्त रूपमा

आफ्नो स्पष्ट अस्तित्व राखेकै हुन्छन् । यसरी खण्डीय ध्वनिमा भाषाका स्वर-व्यञ्जन वर्णहरू पर्दछन् भने खण्डेतर ध्वनिमा खण्डीय ध्वनिसँग साथ लागेर प्रयुक्त हुने अनुनासिकता, आघात, लय, मात्रा तान आदि पर्दछन् ।

## २.३.९ शैली

समान्य अर्थमा कुनै पनि कुरालाई प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । 'शैली' शब्दलाई 'रीति' शब्दले पनि उद्‌भाषित गरेको पाइन्छ । शैली प्रत्येक व्यक्तिमा वैयक्तिक हुने गर्दछ । अथवा व्यक्ति पिच्छे शैलीमा पनि फरकपन देखिन्छ । एउटा प्रकरणको तरिका नै शैली हो र यसको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञानलाई शैली विज्ञान भनिन्छ (अधिकारी, २०६२ : १६१) । शैलीको पहिचान गर्ने सम्बन्धगत पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### क) विकल्पन र चयन

भाषामा प्रशस्त विकल्पहरू हुन्छन् । तिनै विविध विकल्पहरूको छनोट गरेर स्रष्टाले साहित्यिक कृतिको निर्माण गर्दछ । नेपाली भाषामा स्वर, ध्वनि तथा शब्दस्रोतमा थुप्रै विकल्पहरू पाइन्छन् । यी मध्ये स्रष्टाले विभिन्न सन्दर्भहरूमा उपयुक्त विकल्पको छनोट गर्दछ । विकल्पको छनोटमा सन्दर्भले पनि प्रभाव पारेको हुन्छ । अर्थात् जुन भाषामा जति धेरै पर्यायहरू छन्, तिनले अवश्य विविधता ल्याउँछन् । यसका साथै समावेशी तथा विपरीतार्थी शब्द पनि विकल्पहरू हुन् । यसदेखि बाहेक भाषामा विद्यमान विविध भाषिक भेदले पनि शैलीको विशिष्टता प्रदान गर्दछ । अर्थात् भाषाका विविध भेदहरू नै विकल्प हुन् । भाषामा जति बढी भेदहरू हुन्छन् त्यति नै बढी विकल्पहरू पाइन्छन् । यसरी हेर्दा भनाइलाई विविधीकरण गरी शैलीमा विविधता सिर्जना गर्न विकल्पनको महत्त्व ठूलो रहेको देखिन्छ ।

### चयन

चयन भनेको छनोट हो । भाषिक आधारमा भन्दा कृतिकारसँग उपलब्ध विभिन्न विकल्पहरू मध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । पाश्चात्य साहित्यशास्त्रमा 'चयन' सम्बन्धी अवधारणा सर्वप्रथम कोरिनाद्वारा पिण्डारलाई दिइएको यस निर्देशनमा पाइन्छ । "बीउ बोराबाट हातले निकालेर छर्नु पर्दछ, बोरासहित होइन" अर्थात् रचनाको रचनाधर्मिता त्यसको छनोटमा हुन्छ, जसका लागि रचनाकार विशेष रूपमा सजग रहेको हुन्छ ।

कृतिगत शैलीको पहिचान गर्न र सो आधारमा कृतिको मूल्याकङ्न गर्नका लागि चयनको भूमिका महत्त्वपूर्ण हुन्छ । लिचका अनुसार शब्द आदि भाषिक एकाइको सुविचारित छनोटपनलाई

चयन भनिन्छ (बराल र अन्य २०५५ : ८१५) । जस्तै 'पृथ्वी' लाई जनाउने शब्दहरू धरणी, धर्ती, भूमि, मृत्तिका आदि विकल्पहरूमध्ये कृतिकारले उपयुक्त विकल्पको छनोट गर्दछ ।

सर्जकले आफ्ना शब्दभण्डारबाट सन्दर्भ अनुसार उपयुक्त वर्ण, रूप, शब्द, वाक्यतत्व आदिको उपयुक्त र आवश्यक विकल्प छनोट गरेर साहित्यिक रचना गर्ने कार्य गर्दछ। चयन विकल्प भित्रैबाट गरिन्छ। जस्तै नेपाली शब्दतहमा आँखा शब्दका अक्षी, नेत्र, नयन, लोचन जस्ता थुप्रै पर्यायहरू छन् । यस्ता विकल्पमध्येबाट सर्जकले आफ्नो अभिव्यक्तिको कुनै एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्दछ भने त्यो अकारण हुँदैन । शैली विज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्दछ (शर्मा, २०४८ : १०) । यसरी कृतिमा विद्यमान शैलीको पहिचान गरी सेवाका आधारमा रचनाको मूल्याङ्कन गर्न चयनको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

**क) अग्रभूमि निर्माण**

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन त्यो भागमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो । यो एक किसिमको युक्ति हो जसले कुनै कुरालाई ध्यानाकर्षण गर्न शिर्षीकरण गराउँछ । यसको सामान्य प्रयोग स्वचालित हुने र यस्तो प्रयोगलाई विशिष्ट तुल्याउन अग्रभूमि आवश्यक हुन्छ। यसले शैली र अभिव्यक्तिमा नवीनता ल्याउँछ। परम्परागत वा ज्यादै प्रयोगमा आई रूढ हुन पुगेको भाषिक एकाइलाई नवीनता दिँदै अघि सार्नु भनेको अग्रभूमि निर्माण हो (ढकाल, २०६० : १२७) । प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्त्वपूर्ण हुनु, अनौठोपना र वक्रताले गर्दा चर्चित वा व्याख्यीय बन्न सक्नु अग्रभूमिलाई पहिचान गर्ने आधार हुन् (अधिकारी, २०६२ : १३) ।

अग्रभूमि, मध्यभूमि, पश्चभूमि वा पृष्ठमूभि चित्रकलामा बढी प्रचलित शब्द हुन । प्रचलित परम्परामा पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीकृत वा आकर्षक बनाउने युक्तिलाई अग्रभूमि भनिएको हो । कुनै पनि भाषा प्रयोगका क्रममा एउटै कुरा धेरै पटक प्रयाग गरेको खण्डमा त्यो यान्त्रिक बन्दछ। त्यसबाट जोगाउन लेखकले त्यसको परम्परागत प्रयोग क्षेत्रमा परिवर्तन ल्याएर प्रयोगमा नयाँ सन्दर्भ दिनु अग्रभूमि निर्माण गर्नु हो (अधिकारी, २०६२ : २६२) । स्रष्टाले आफ्ना कृतिमा अग्रभूमिको निर्माण निम्न दुई तरिकाबाट गर्दछन् :

**अ) विचलन**

सामान्य भाषामा प्रयुक्त हुने सामान्य भाषिक नियमको अतिक्रमण, उल्लङ्घन वा व्यतिक्रमलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई

विपथन पनि भनिन्छ। यस्तो विचलन उद्देश्यपूर्ण र सार्थक हुन्छ अर्थात् खास साहित्यिक विशिष्टता सृजना गर्नु यसको प्रयोजन हो। हरेक भाषाका आ-आफ्नै नियम हुन्छन्। भाषाका ध्वनि, रूपरचना, शब्दप्रयोग, वाक्य प्रयोग, अर्थाभिव्यक्ति आदिमा आ-आफ्नै व्यवस्था हुन्छन्। भाषामा सामान्य अनुभव र अभिव्यक्तिको सामर्थ्य हुन्छ भने साहित्यिक भाषाले विशिष्ट खालको अनुभव प्रदान गर्दछ। विचलनमा सामान्य भाषाको नियम, बन्धन वा पथ छोडेर साहित्यिक भाषाको विशिष्ट रूप प्रस्तुत भएको हुन्छ। अर्थात् मानकको अतिक्रमण वा उल्लङ्घनलाई नै विचलन भनिन्छ (तिवारी, १९९५ : ४०)। सामान्य भाषाको तुलनामा साहित्यिक भाषामा विचलनको तीव्रता अधिक हुन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ (अधिकारी, २०६२ : १३)।

विचलन अग्रभूमि निर्माणको एउटा विशिष्ट प्रक्रिया हो। विचलनले शैलीगत चमत्कार र भाषिक सौन्दर्यमा नवीनता देखाउँछ। शब्दान्तरमा यसले भाषिक सौन्दर्यको पृथक र अर्थपूर्ण गोलार्धको खोजी गर्ने काम गर्दछ। जे होस्, विचलन उद्देश्यमूलक र सार्थक हुनुपर्छ। यो निरूद्देश्य र निरर्थक भयो भने न त शैल्पिक सौन्दर्य प्रकट हुन्छ, न त भाव गाम्भीर्यको सृजना नै (गौतम, २०५३ : १४९)। साहित्यिक कृतिमा भाषिक विचलनका विभिन्न सात प्रकार छन्, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

### क) कोशीय विचलन

कोशीय विचलन भनेको कोशमा नभएका र सामान्य भाषिक प्रयोगमा नआएका शब्दहरूको प्रयोग हो। यसबाट नवीन शब्दहरूको निर्माण गरिन्छ र यो शब्दनिर्माण प्रक्रियाको अराजक र असामान्य रूप हो। नवीन शब्दको निर्माण र प्रचलित शब्दको संरचनामाथि आक्रमण जस्ता दुबै कुराहरू यस अन्तर्गत पर्दछन्। गाबरी, फुलारू, चक्रेटो जस्ता शब्दहरू यस अन्तर्गत पर्दछन्, जुन शब्दकोशमा प्राप्य छैनन्।

### ख) व्याकरणात्मक विचलन

प्रत्येक भापाको आ-आफ्नै किसिमको निश्चित व्याकरणिक व्यवस्था हुन्छ। साहित्यकारले आफ्नो विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, पुरुष, काल, पक्ष भाव, वाच्य जस्ता व्याकरणिक एकाइका नियमहरूको अतिक्रमण गर्न सक्छ। यस्तो अतिक्रमण नै 'ब्याकरणिक' विचलन हो। जस्तै : मेरा प्रत्येक सपनाहरू मसँग आएर कुस्ती खेल्छ।' उक्त क्रममा व्याकरणिक धारा (वचन, लिङ्ग, पुरूष, काल आदि) र व्याकरणिक एकाइहरू (रूपिम, शब्द, पदसमूह, उपवाक्य,

वाक्य आदि) को व्यवस्थित अनुक्रममा हुने अतिक्रमण नै व्याकरणिक विचलन हो (ढकाल, २०६० : १०२) ।

**ग) ध्वनिप्रक्रियात्मक विचलन**

भाषाका सबैभन्दा प्राथमिक संरचक तत्त्व भनेको ध्वनि तथा वर्णहरू नै हुन् । यसर्थ प्रत्येक भाषाका आ-आफ्नै ध्वन्यात्मक व्यवस्था हुन्छन् र यी निश्चित नियमद्वारा सुव्यवस्थित हुन्छन् । कतिपय स्रष्टाले आफ्ना रचनामा विशिष्ट प्रयोजनका लागि अज्ञानतावश कतिपय ध्वनिव्यवस्थाका मानक सीमाहरूको उल्लङ्घन तथा अतिक्रमण गरेका हुन्छन् । यो नै ध्वनिप्रक्रियात्मक विचलन हो । जस्तैः पहाड/पाहाड, यसले/यल्ले, पुर्खा/पुरूखा, बहिनी/बुइनी, कसरी/कोसरी जस्ता शब्दहरू प्रयोग गर्दा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ ।

**घ) लेखनप्रक्रियात्मक विचलन**

स्रष्टाले आफ्ना अभिव्यक्तिलाई विशिष्ट ढङ्गबाट प्रस्तुत गर्न शब्दबाट मात्र सम्भव नदेखी विशेष प्रकारका चिह्नहरूको प्रयोग गरेको स्थितिलाई लेखनप्रक्रियात्मक विचलन भनिन्छ (गौतम, २०५३ : १६१) । नेपाली भाषाको लेखन प्रक्रियामा देवनागरी लिपिका माध्यमबाट शब्द र वाक्यको सुनिश्चित आलेख गरिन्छ तर यस नियमको अतिक्रमण गरी शब्द र वाक्यलाई अनियमित विन्यासद्वारा तोडमोड गरेर अनौठो रूप प्रस्तुत गरिन्छ । यो नै वास्तवमा लेखनप्रक्रियात्मक विचलन हो । यस्तो विचलनमा लेखाइलाई तलमाथि पारेर लेख्ने गरिन्छ । जस्तै : 'राम अमेरिका जाँदैछ' भन्ने वाक्यलाई रा $^{म}$ अ $^{मे}$ रि $^{का}$ जाँदैछ भनेर लेखिन्छ ।

**ङ) अर्थतात्त्विक विचलन**

साहित्यमा आलङ्कारिक वा ध्वन्यात्मक अर्थ प्रतिपादनका लागि कोशीय अथवा मानक अर्थको आतिक्रमण नै अर्थतात्त्विक विचलन हो (गौतम, २०५३ : १५७) । यस प्रकारको विचलन अभिव्यक्तिका क्रममा वैयक्तिक, युगविशेष तथा धाराविशेष गरी विभिन्न प्रकारका देखिन्छन् ( तिवारी : ६४) । यो विम्ब निर्माणको एक विशिष्ट प्रक्रिया हो । स्रष्टाले अभिव्यक्तिका कतिपय सन्दर्भमा प्रस्तुत शब्दहरूले लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक, प्रतीकात्मक आदि अन्य अर्थ प्रतिपादन गरेका हुन्छन् । यसले कृतिलाई सुन्दर र जीवन्त राख्न ठुलो सहयोग पुऱ्याएको हुन्छ । जे होस्, विचलनको सबैभन्दा सार्थक, उर्वरशील र सुन्दर रूप भनेको अर्थतात्त्विक विचलन हो र यो सार्थक एवम् उद्देश्यपूर्ण हुनुपर्दछ ।

**च) प्रयुक्ति विचलन**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूपको भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । जस्तै : प्रत्येक रात मलाई लामखुट्टेले कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् ।

हरेक विषय क्षेत्रीय भाषाको आफ्नै प्रयोजनपरक निजत्व हुन्छ । जस्तैः विज्ञान र प्रविधिमा प्रयोग गरिएको भाषा वाणिज्यको भाषाभन्दा अलग हुन्छ । यी विभिन्न विषय क्षेत्रका आधारमा हुने भाषाको यही भेद नै प्रयोजनपरक वा प्रकार्यपरक प्रयुक्ति हो ।

साहित्यिक भाषामा प्रयुक्तिका सीमालाई अतिक्रमण गरी शैली निर्माणको विशिष्ट प्रणालीलाई आत्मसात गरिएको हुन्छ । यसरी हेर्दा कुनै निश्चित विषय क्षेत्रसँग सम्बद्ध भाषिक प्रयोगका प्राविधिक पक्षलाई अर्कै सत्तासँग गाँसी शैलीको सार्थकतालाई प्रतिष्ठित गराउने (प्रतिष्ठापित गर्ने) प्रक्रिया नै प्रयुक्ति विचलन हो ।

**छ) भाषिका विचलन**

साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग नगरेर भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याई नवीनता दिने प्रयास गरियो भने भाषिका विचलन हुन्छ । मानक भाषाका बिचबिचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्नु वास्तवमा भाषिकागत विचलन हो । सिर्जनात्मक लेखनका क्रममा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकाको उपयोग गरिएको छ भने त्यसबाट भएको भाषाका मानक रूपको अतिक्रमण भाषिका विचलन अन्तर्गत पर्दछ । यो आञ्चलिक पर्यावरणमा लेखेका विभिन्न रचनाहरूमा भेटिन्छ ।

**आ) समानान्तरता**

समानान्तरता भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो र कुनै एक किसिमको व्याकरणिक संरचना वा भाषिक एकाइ एउटै क्रममा एक वा अधिक चोटि दोहोरिएर प्रयोगमा आउँदा समानान्तरता चाहिँ अतिरिक्त नियमितता हो । समानान्तरतामा स्थापित ढाँचालाई भङ्ग नगरीकन ध्यानाकर्षण गर्ने काम गरिन्छ र यो सार्थक हुनुपर्दछ । यो व्याकरण, छन्द, अलङ्कार आदिको नियममुताबिक भाषाको अनुशासित प्रयोग तथा नियमित पुनरावृत्तिबाट निर्माण हुने शैलीय विशेषता हो (ढकाल, २०६० : ७८) । समानन्तरतालाई बाह्य र आन्तरिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**क) बाह्य समानान्तरता**

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, मात्रा, लय, छन्द आदिसँग सम्बद्ध आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । बाह्य समानान्तरता स्थूल हुने र यो शब्द वैचित्य वा शब्दालङ्कारको

रूपमा देखा पर्छ (अधिकारी, पूर्ववत् : १५) । यो वर्णगत, रूपगत, व्याक्यगत, अर्थगत आदि विभिन्न तहमा मूर्त रूपमा भेटिन्छ । यसरी हेर्दा भाषिक प्रयोगका सन्दर्भमा उपस्थित हुने विभिन्न भाषिक संरचनागत तहहरूको पुनरावृत्तिले बाह्य समानान्तरताको सङ्केत गर्दछ ।

**ख) आन्तरिक समानान्तरता**

अर्थ वा भाव स्तरको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । आन्तरिक समानान्तरता अर्थगत पुनरावृत्तिका रूपमा अभिव्यक्तिमा निहित हुन्छ (ऐजन) । बाह्य समानान्तरता मूर्त खालको हुन्छ भने अलङ्कारिक समानान्तरता अमूर्त खालको हुन्छ । आन्तरिक समानान्तरता भावगत तहमा हुने भएकाले यो अलङ्कार, बिम्ब, प्रतीक, रस आदिका माध्यमबाट प्रकट हुन्छ । यो आर्थी तहसँग सम्बन्धित हुन्छ र यसले रचनामा निहित आन्तरिक पक्षलाई उजागर गरेको हुन्छ ।

## २.३.१० शैली चिहृन

विषय र प्रयोगकर्ताका अनुसार एउटै भाषाका पनि विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छ । शैली विज्ञानले प्रयुक्तिका आधारमा कृतिमा प्रयुक्त विविधताको विश्लेषण गरिएको छ ।

उपर्युक्त प्रक्रियाबाट कृतिको विश्लेषण गरेर शैली विज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा प्रवेश गर्छ र साथै वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिको सौन्दर्यको उद्घाटन गर्दै त्यसको मूल्याङ्कन समेत गर्दछ । कृति विश्लेषणका शैली वैज्ञानिक आधारहरू विज्ञानमा आधारित छन् । त्यसैले समालोचनाका क्षेत्रमा यो प्रक्रिया वस्तुतथ्यमा आधारित र वैज्ञानिक छ ।

# अध्याय तीन :

# अनुसन्धान विधि

प्रस्तुत **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्न विधिहरू अवलम्बन गरिएको छ :

## ३.१ अनुसन्धानत्मक ढाँचा

प्रस्तुत शीर्षक **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययनलाई पुस्तकालयीय विधि प्रयोग गरी अनुसन्धान गरिएको छ। यस विधिमा पुस्तकालयमा गई पुस्तकको अध्ययन, विश्लेषण समीक्षा गरिएको छ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शीर्षक उपन्यासको शैली वैज्ञानिक अध्ययनलाई पूरा गर्नका लागि आवश्यक पर्ने तथ्याङ्कहरूको स्रोत सङ्कलन निम्न दुई तरिकाबाट गरिएको छः

### १. प्राथमिक स्रोत

**राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययनका लागि प्राथमिक स्रोतको रूपमा कृष्ण धरावासीद्वारा रचना गरिएको **राधा** उपन्यासलाई यसको प्राथमिक स्रोतको रूपमा लिइने छ। यसैका आधारमा **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ।

### २. द्वितीयक स्रोत

प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्दा अपुग भएकाले द्वितीयक स्रोत सामग्री सङ्कलन गरिएको छ। त्यसका लागि **राधा** उपन्याससँग सम्बन्धित विभिन्न लेखकहरूले लेखेका लेख रचनाहरूलाई अध्ययन सहयोगी सामग्री मानिएको छ। यसै गरी अध्ययन गरिने विषयसँग सम्बन्धित सन्दर्भ पुस्तकहरूको अध्ययन विश्लेषणलाई अध्ययनको स्रोत सामग्री बनाइने छ। यस अनुसन्धान प्रतिवेदनलाई पूर्णता दिनका लागि विभिन्न व्यक्ति वा समुहले त्यसभन्दा अघि गरेका अध्ययन अनुसन्धान प्रतिवेदन, प्रकाशित वा अप्रकाशित पूर्वकार्यहरूलाई अध्ययनको सामाग्रीको रूपमा लिएको छ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्न विभिन्न साधनहरूको प्रयोग गरिएको छ। पुस्तकालयीय विधिको अबलम्बन गरी तयार गरिने अनुसन्धानमा तथ्याङ्कन सङ्कलन गर्न पाठपत्र, सूचीपत्र, टिपोटपत्र, तालिका आदि साधानहरूको प्रयोग गरिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानलाई पूर्णता दिनका लागि तथ्याङ्कका साधनहरूको सहारा लिइएको छ। यसै क्रम **राधा** उपन्यासको अध्ययन पश्चात टिपोट पत्रमा मुख्य बुँदाहरू टिपोट गरिएको छ। यसै गरी उपन्यासमा प्रयुक्त समानन्तरता, विचलन आदिका वाक्य तथा शब्दहरूलाई तालिकीकरण गरिएको छ। यसरी अध्ययन पश्चात् टिपोट गरिएका तथ्याङ्कहरूलाई व्यवस्थित गरिएको छ।

## ३.५ तथ्याङ्क विश्लेषण विधि

यस अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गरेर त्यसलाई व्यवस्थित गरी विश्लेषण गरिएको छ। विश्लेषण गर्ने क्रममा मूलतः वर्णनात्मक विधिलाई प्रयोग गरिएको छ। सङ्कलित सामग्रीहरूलाई भाषिक एवं रचनात्मक शैली विज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय चार :

## कथानक र पात्रका आधारमा 'राधा' उपन्यास

### ४.१ कथानक

कथानक उपन्यासको आधारवस्तु हो । यसले उपन्यासलाई एउटा घटनाक्रमको शृङ्खलामा मिलाएर कृतिलाई पूर्णता दिन्छ । यही विशिष्ट तत्त्व नै कथानक वा कथावस्तु हो । कथावस्तुबिना उपन्यासले पूर्णता पाउन नसक्ने भएकाले उपन्यासको अनिवार्य तत्त्वका रूपमा कथानकलाई लिइन्छ । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । सपाट अवस्थामा घटनाहरू वा क्रियात्मक समूह (action) शृङ्खलायुक्त भई प्रामाणिक सन्तुष्टि दिन सक्ने भएमा त्यो कार्यकारण सम्बन्धमा नियोजित मानिन्छ । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा (fromat) निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ (बराल र एटम, २०६३ : २०) ।

उपन्यासमा आन्तरिक संरचनामा कथानक रहेको हुन्छ । यसमा कुनै न कुनै रूपमा कथातत्त्व रहेको हुन्छ । उपन्यास निर्माण गर्दा आवश्यक सम्पूर्ण तत्त्वहरू (कथानक, चरित्र, परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु) कथानककै आधारमा सङ्गठित भएका हुन्छन् । यसै सम्बन्धमा हडसनले भनेका छन्- "उपन्यास अरू केही होस् या नहोस्, एउटा कथा अवश्य हो ।" कथानक उपन्यासको शरीर हो यसबाट पुष्टि हुन्छ कथानक उपन्यासको अपरिहार्य तत्त्व हो ।

(कथा : समयको क्रममा घटनाहरूको वर्णन भन्ने बुझिन्छ । यसमा एउटा घटनापछि त्यसपछि के भयो ? भन्ने प्रश्नको जवाफ दिँदै कथा अगाडि बढाइन्छ । जस्तै राजाले राजकुमारीलाई मार्‍यो । ... यो कथा हो । कथावस्तु : समयक्रममा घटनाको वर्णनसँगै कार्यकारण सम्बन्ध भएको बुझिन्छ । घटनामा वा कथामा विभिन्न गतिविधि र क्रियाकलापहरू अस्तव्यस्त रूपमा छरिएका हुन्छन् भने कथावस्तुमा ती कथा तथा घटनाहरूको बीच पारस्परिक संवद्धता र सार्थकता हुन्छ । यसका साथै कथावस्तुमा कारण, कार्य, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिणाम पनि अभिव्यक्त भएको हुन्छ (थापा, २०४२ : १२३) ।

जुनसुकै साहित्यिक विधामा आफ्नै संरचक घटकहरू भएझैं उपन्यासमा पनि संरचक घटकहरू छन् । ती घटकहरू मध्ये कथानक वा कथावस्तु पहिलो संरचक घटक हो । कथावस्तुले उपन्यासका घटनाहरूलाई तारतम्य मिलाई सुरुदेखि अन्त्यसम्म शृङ्खला रूपमा प्रस्तुत गर्दछ ।

यसकै माध्यमबाट उपन्यास अघि बढेको हुन्छ । उपन्यासका यही तत्त्वको आधारमा पात्रहरू, परिवेश आदि तत्त्वहरू समन्वित भएका हुन्छन् । कथानकबिनाको उपन्यासले गति लिन असम्भव प्रायः हुन्छ । आख्यानात्मक कृतिमा घटना र पात्रबीच कार्य-कारण सम्बन्ध स्थापित गरी पाठकमा उत्सुकता, कुतूहलता वा संशय जनाउने तत्त्वलाई कथानक भनिन्छ (सापकोटा २०५३ : १४) । उपन्यासमा घटेका घटनावलीको योजनाबद्ध ढाँचा नै कथा वस्तु हो । अतः कथानक उपन्यासको महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो जुन उपन्यासको आख्यानात्मक आधारभूमि हो ।

### ४.१.१ अध्याय विभाजन र कथानक

उपन्यासको अध्याय, परिच्छेद, भाग वा खण्ड विभाजनमा कथानकको गति वा गतिमा हुने परिवर्तन हो । प्रस्तुत **राधा** उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यो उपन्यास जम्मा ३३९ पृष्ठ र ५ अध्याय रहेको छ । प्रत्येक अध्यायले ओगटेको पृष्ठ सङ्ख्या र शीर्षक **राधा** उपन्यासको कथानक तथ्याङ्कमा उल्लेख गरिएको छ । यस पुस्तकमा पृष्ठसंख्या अगाडि देखि वा राधा उपन्यास, कृष्ण धरावासी, प्रकाशन/वितरणि पैरवी बुक्स हाउस भन्ने पृष्ठदेखि नै संख्या गणना गरिए पनि भूमिकाको दोस्रो पृष्ठमा मात्र २२ सम्म पृष्ठ सङ्ख्या/कृष्ण धरावासी लेखिएको छ । यस अन्तर्गत लेखकले संस्करणहरू, भन्नैपर्ने कुरा, भूमिका समावेश गरिएको छ । अध्याय एक भनी २३ पृष्ठबाट सुरु गरिएको छ ।

### ४.१.२ राधा उपन्यासको कथानक

**अध्याय : एक (पृष्ठ २३-९० सम्म)**

- कृष्ण साह्रै चञ्चले हुनु, सधैँ केही न केही बिगार गरिरहनु, कृष्ण सधैँ पिताम्बर बस्त्र पहिरिएर हिँड्नु, हातमा मुरली बोकेर बजाउँदै हिड्नु ।
- कृष्ण सानै चञ्चले भएकाले बाटो हिँड्दा केटीहरूलाई जिस्क्याउने, दही खोसेर खाइदिने, कर माग्नु, एकदिन ब्रजका केटाकेटीहरूलाई लिएर जङ्गलमा बनभोजको आयोजना गर्नु, भोलिपल्ट ब्रजबासीहरू रिसाएर बाबुआमालाई जथाभावी गाली गर्नु ।
- सुसिला र राधाले कृष्णले धेरै मन पराउनु, दुवैका बीचमा द्वन्द्व चर्किनु, कृष्णलाई ब्रजबासीहरूले कृष्ण गोपालवंशीय होइन भनी शंका गर्नु, त्यो कुराले यशोदालाई ठूलो चोट पर्नु ।
- बेलामौकामा कृष्णले गोपिनीहरूसँग ह्रासलीलाको आरम्भ गर्नु, राधालाई छल्नका लागि कृष्णले उसकै घरमा आइमाईको रूप लिएर जानु ।

- गाई हेर्न जाँदा जंगलमा एउटा भयानक साँढे आएर गोठालाहरूलाई दुःख दिँदा कृष्ण, बलरामले साँढेका दुवै सिंङ उखालेर मार्नु ।
- यो देखेर त्यहाँका केटाकेटीहरूले कृष्णलाई सामान्य मानिस नभएको शंका गर्नु ।
- कृष्णलाई ब्रजमा राख्न नसक्ने अवस्था आएपछि पढ्नका लागि मथुरा पठाउनु, कंस डराउनु, मथुराबाट कृष्णलाई लखेट्न खोज्नु ।

**अध्याय : दुई (पृष्ठ ९१-१६१ सम्म)**

- कृष्ण र बलराम ब्रजबासीहरूसँग विदा नमागी वा थाहा नदिइकन रातको १:०० उठेर हिँड्नु, ब्रजबासीहरू दुःखी हुनु, उज्यालो हुनासाथ ब्रजबासमा उनीहरूको विषयमा खासखुस कुराहरू चल्नु, रोहिणी र यशोदालाई धेरै पीडा हुनु ।
- कृष्णको विछोडमा राधाले पीडा बोध गरेकाले यशोदाले त्यसो नगर्न सचेत गराउनु, कृष्ण जन्मको सम्बन्धमा उठेका प्रश्नले नन्द र यशोदाको बीचमा मैन झगडा हुनु ।
- नन्दलाई यशोदाले जथाभावी गाली गर्नु, प्रायश्चित्त स्वरूप नन्दसँग माफी माग्नु ।
- कृष्णले कंसको सम्बन्धमा थाहा पाएर जङ्गलमा लडाकु सेनालाई तालिम दिनु, त्यसमा कार्यमा गर्ग ऋषिले ठूलो सहयोग पुऱ्याउनु, सेनाहरू तालिम प्राप्त गराउँरा राधाले आर्थिक सहयोग पुऱ्याउनु ।
- कृष्णलाई सहयोग गर्नका लागि कंसको मन्त्री अक्रुर पनि अप्रत्यक्ष रूपमा लागि पर्नु ।
- तालिम केन्द्र निकै व्यवस्थित हुनु, तालिममा खर्च धेरै हुने, गर्ग ऋषिले खर्चको व्यवस्था मिलाइदिने वचन दिनु ।
- ब्रजबासीसँग राजा रिसाउनु, राधाले ब्रजबासको कर उठाएर राजाकहाँ पुऱ्याउनु, राधाको व्यवहारले कंस प्रभावित हुनु ।
- राधाले कंसको दरबारभित्र अक्रुरद्वारा पालिएकी यशोदा पुत्री एकनंसासँग भेट गर्नु, समयसमयमा कृष्णले अरुमार्फत राधालाई पत्र पठाउनु ।
- भित्रभित्रै मथुरामा युद्ध चर्किँदै जानु, कंसलाई युद्धसम्बन्धी जानकारी नहुनु, युद्ध चर्किँदै जाँदा कृष्णका सेनाहरू पनि हताहत हुनु, राधाकी प्रिय सखी सुशीलाको युद्धमा निधन हुनु ।

**अध्याय : तीन (पृष्ठ १६२-१७५ सम्म)**

- युद्ध चर्किंदै जाँदा ब्रजबासका युवायुवतीहरू हराउँदै जानु, बुढापाकाहरू पनि घर छोड्दै हिँड्न थाल्नु ।
- राधा र विशाखाले सुशीलाका बाबुआमालाई सम्झाइ बुझाइ गर्नु, गाउँका युवा हराउँदै गर्दा अचानक कृष्ण र बलरामले कंसको हत्या गर्नु ।
- ब्रजबासीहरूले कंस मरेको उपलक्ष्यमा खुशियाली बनाउनु, कृष्ण र बलराम धेरै समयसम्म मथुरामा नै रहनु ।
- राजा कंसको हत्यापछि मथुराको राजा कंसको बाबु उग्रसेनलाई बनाउनु, उग्रसेनका राज्यमा कृष्णका सेनाहरू नियुक्ति हुनु ।
- कंसको हत्याको विषयमा रोहितको भनाइ 'हामी शसस्त्र सेनाहरू कंसका दरबारको वरिपरि झुण्डझुण्ड भएर घेरा हाल्यौं, त्यहाँका पसलहरू सबै बन्द गऱ्यौं । बजारका जनताहरूलाई सुरक्षित रहन आदेश दियौं त्यसपछि कंसको दरबारभित्र बलराम र कृष्णलाई प्रवेश गराएर कृष्णको हातबाट नै कंसको मृत्यु भयो' ।
- सजिलैसँग युद्ध जितेकामा सबै ब्रजबासीहरूले कृष्णको प्रशंसा गर्नु, राजकीय सम्मानद्वारा कंसको दाह संस्कार गर्नु ।

**अध्याय : चार (पृष्ठ १७६-२२१ सम्म)**

- युद्धको समाप्तिपछि कृष्ण र बलरामको मथुरामा उपनयन कार्य सम्पन्न गर्नु, मथुरा र ब्रतबासमा पहिला जस्तै विभिन्न उत्सवहरू सुरु हुनु,
- रथमा चढेर कृष्ण र बलराम मथुराबाट ब्रजबासमा आउँदै गरेको कुरा सुनाउन विशाखा राधाका घरतिर लाग्नु,
- ब्रजबासीहरूले कृष्ण र बलरामलाई फूलमालाले स्वागत गर्नु, कृष्णलाई उद्धव ब्रजबासमा आउनु,
- कृष्ण ब्रजबासमा आएर माता यशोदासँग सुपुत्री एकनम्साको भेट गराउनु,
- छोरी एकनम्सासँग भेट हुँदा नन्द र यशोदाले हर्षका आँसु बगाउनु,

- कृष्ण र बलराममा आएको उपलक्ष्यमा देश विदेशका राजा र राजकुमारहरूलाई निमन्त्रणा दिनु, एकनक्सा र कृष्णलाई साटासाट गरेकामा नन्द राय र बसुदेवसँग यशोदा माता र देवकीले रोष प्रकट गरेको,
- कृष्णले समयसमयमा पठाएका पत्रहरू राधाले विशाखालाई देखाउनु, कृष्णले धेरैदिनसम्म भेट नदिँदा राधाले विशाखासँग गुनासो पोख्नु,
- विशाखाले पुरुषहरू भनेका हाम्रा देवता हुन् भन्दै राधालाई फकाउनु,
- कंसको हत्या भएपछि ससुरा जरासन्धले मथुरामा पटक-पटक आक्रमण गर्नु,
- आक्रमणको कुरा कृष्ण र बलरामले थाहा पाएर सत्रौं पटकसम्म युद्ध गर्नु, युद्धमा असफल हुनु,
- मथुरामा राज्य सञ्चालन गर्न कठिन भएकाले राज्यलाई द्वारकामा सार्नु र उग्रसेनलाई कृष्णद्वारा राज्याभिषेक गराइनु,
- कृष्णलाई राधाले माया मार्नु, शशीकलासँग कृष्णले गुनासो गर्नु, कृष्णको सन्देश लिएर शशीकला राधालाई भेट्न जानु र विभिन्न किसिमका दर्शन प्रस्तुत गर्नु,
- कृष्ण द्वारकामा हुँदा रुक्मिणी शरण गर्नु र विवाह गर्नु, कृष्णको विवाह रुक्मिणीसँग भएपछि राधा विक्षिप्त हुनु,
- कृष्णले रुक्मिणीलाई विवाह गरेपछि लगातार कालीन्दी, सत्यभामा, सत्या, सती, नाग्नजिती, जाम्बवती, लक्ष्मणा गरी आठवटी पत्नी ल्याएको,
- राधालाई ईर्ष्या हुनु, कृष्णको यस्तो व्यवहारले ब्रजबासीहरूमा कृष्णप्रति आस्था र विश्वास घट्नु,
- कृष्णको यस्तो घृणित व्यवहारले राधामा वैराग्य उत्पन्न भई तीर्थाटन जाने विचार गर्नु ।

**अध्याय : पाँच (पृष्ठ २२२-३१५ सम्म)**

- राधाको तीर्थाटनको कुराले ब्रजबासमा हलचल मच्चिनु, सबै ब्रजबासीलई सम्बोधन गर्दै आफू वैष्णवी स्वरूप धारण गर्न र पुण्य कमाउन तयार भएको कुरा बताउनु,
- राधाको यो निर्णयले विशाखा आफू पनि राधाको पछि लाग्न खोज्नु, आफूसँग पछि नलाग्न राधाले आग्रह गर्नु,

- आफूले पहिलो पाइलो टेकेको धर्तीसँग विदा माग्नुका साथै यमुना नदीसँग पनि विदा माग्नु,
- विशाखा र राधा बाटो लाग्नु, बाटामा दुःख सुखका कुरा गर्नु, मध्यान्नमा तलाउको किनारमा बसेर खाजा खानु,
- घर छोडेको रात बाटामा भेटिएको मक्काइसकेको घरमा राधा र विशाखा केही दिन बस्नु, घरको सरसफाइ गर्नु,
- राधा र विशाखाले वरिपरिका मानिसलाई हामी तीर्थयात्री हुँ भन्दै परिचय दिनु,
- राधा र विशाखाले हिमालय खण्डका मानिसहरूलाई इमानदार मान्नु, बाटामा कसैले सोधे म राधा वृषभानुकी छोरी हुँ भन्दै परिचय दिनु,
- राधा र विशाखा घुम्दै जाँदा एक दिन सासु र बुहारी मात्र भएको घरमा पुग्नु, विशाखा विरक्तिएर रुनु,
- राधा र विशाखा एकाएक अर्को भीडसँग मिसिनु, गंगाका स्नान गर्नु, स्नानपछि एकाएक राधा भनेर कसैले पछाडिबाट सम्बोधन गर्नु, राधा नराम्ररी झस्किनु,
- द्रौपदीको विवाह हुन लाग्नु, जसले बाजी जित्न उसलाई नै द्रौपदी दिन्छु भनी राजाले अका् थाप्नु, एकजना साना ब्राह्मणले बाजी जित्नु र द्रौपदीलाई सानो झुपडीमा लिएर आउनु, त्यो झुपडीमा बस्ने व्यक्ति अर्जुन हुनु, अर्जुनकी आमाले द्रौपदीलाई पाँचैजना बाँडी दिनु भनी आमाले भन्नु र द्रौपदी पाँच भाइकी पत्नी घोषणा गर्नु,
- विगतका कथा कृष्णलाई कुन्तीले सुनाउनु, सूर्यसँगको सम्सर्गमा जन्मिएको पुत्रलाई गोप्य तरिकाले माझीलाई जिम्मा दिएको कथा सुनाउनु। कौरवले पाण्डवलाई साह्रै अत्याचार गरेको र उनीहरूको सुरक्षा गरेको कुरा उल्लेख छ। कुन्ती कृष्णकी फुपू हुनु र पाण्डवको पक्ष लिएर कृष्णले कौरवहरूलाई हराउँदै पाण्डवको विजय गराउनु,
- कुन्तीले राधालाई महिलाहरू भनेका पुरुषका खुशीका लागि जे पनि सहनु पर्ने कुरा सुनाउनु, राधाले सात महिना लगाएर आत्मकथा लेख्नु र आफ्नो मन हलुङ्गो बनाउनु, बाबाजीले पढी सिध्याएपछि सबैजना आङ मर्काउन र कोही झाडीतिर जान थालेको प्रसङ्ग यहाँ छ।

समग्रमा भन्नुपर्दा राधा उपन्यास किच्चकवधमा भेटिएको बाकसभित्रको कागजपत्रका आधारित कथा प्रस्तुत गरिएको छ ।

### ४.१.३ कथानक तथ्याङ्कनका आधारमा 'राधा' उपन्यासको विश्लेषण

उपन्यासकार कृष्ण धरावासीद्वारा लिखित 'राधा' २०६२ सालमा साझा प्रकाशनबाट प्रथम पटक मुद्रित मिथकीय उपन्यास हो । यसले २०६२ सालको मदन पुरस्कारसमेत प्राप्त गरेको छ भने परिमार्जित २०७० मा भएको थियो भने पुनमुद्रण २०७३ सालमा भएको छ । यस उपन्यासमा किचकवधको पुरातात्विक उत्खनन् गर्ने क्रममा त्यहाँ प्राप्त पुरानो फलामे बाकसभित्र रहेको राधाद्वारा ताम्रपत्रमा लिखित सामग्रीलाई आधारपीठिका बनाएर कथा अघि बढाइएको छ । उपन्यासकारले भनेझैँ यसमा रूप र स्त्रीबीचको यौनचेतनामा देखिने असहजता र असन्तुष्टिको खोजी गरिएको छ । यो उपन्यास राधाको भोगाइ, अनुभूति, स्मृति र वैयक्तिक दृष्टि आत्मकथनका रूपमा प्रस्तुत भएको छ । राधा उपन्यासमा मूलतः व्रज, मथुरा र द्वारिकालाई मूल आधार पीठिका र गौणतः भारतवर्षका दक्षिण-पश्चिम तथा नेपालका हिमवत्खण्ड, तत्कालीन कान्तिपुर नगरी र कोशी-मेची खण्डअन्तर्गत विष्णुपादुका, विराटनगर, झापाको कोच राज्यीय क्षेत्रको चित्रण गरेको गरेको छ ।

राधा उपन्यासमा कलात्मक सौन्दर्य पनि कम छैन र धार्मिक, सांस्कृतिक पुनर्जागरण गर्ने ध्येय पनि कम देखिँदैन । साथै, यसले आञ्चलिकतालाई पनि जीवन्त अभिव्यक्ति दिनमा पनि उत्तिकै सफलता हासिल गरेकै छ र आर्षकालीन सन्दर्भलाई उत्तरआधुनिक युगसँग जोड्नमा पनि त्यत्तिकै सफलता प्राप्त गरेको छ । यसमा पौराणिक सन्दर्भहरूमा व्रजमा कृष्णसँग बालसखाका रूपमा रहेकी बृषभानु पुत्री राधाको युवा, वयस्क, र वृद्धकालका जीवनगाथा लुप्तप्रायः अवस्थामा रहेको तथ्यलाई केन्द्र बनाएर पुराणले पनि उपेक्षा गरेर त्यसै छाडिएकी राधालाई यसले प्रकाशमा ल्याउने जमर्को गरेको छ भने अर्कातिर कृष्णका व्रजलीला र भौमासुरद्वारा बन्धक बनाएर राखिएका युवतीहरूको उद्धार र यसपछि कृष्णले तिनीहरूको पाणिग्रहण गरेको सन्दर्भलाई वर्तमान युगमा उभिएर अतिरञ्जित व्याख्या गरी केही तत्त्वहरूले धर्मान्तरण गर्नमा उत्प्रेरित गरिरहेको सन्दर्भमा यसलाई वर्तमान दृष्टिले व्याख्या गरी यसको पुनर्पुष्टि गर्ने प्रयत्न गरिएको पनि छ । यसमा नारीवादी चिन्तन प्रबल रूपमा मुखरित हुन पुगेको छ । आफ्नै पति नन्द रायको अंश परेको अनि आफ्नै कोखबाट जन्मिएको सन्तान ठानेर कृष्णलाई हुर्काइरहेकी यशोदाले जब यी दुवै तथ्य सत्य नभई मिथ्या हुन् भन्ने पतिबाट नभई अन्यबाटै थाहा पाउँदा उनमा नारीको सबैभन्दा

ठूलो कमजोरी भावुकता रहेको र नारीलाई आँसु, करूणा, दया र समर्पणले नै सधैँ कमजोर बनाएको टिप्पणी गर्दछिन् ।

यस्तै पितृ प्रधान समाजमा नारीको अवस्था निकै दयनीय छ । उनीहरूलाई खेलौना, घरका गहना, स्त्रीधन एवम् भोग्याका रूपमा मात्र लिइने हुँदा उनीहरू घरमा, गाउँमा अनि बाटोघाटो र सहर बजार कतै पनि सुरक्षित छैनन् । नारीका निम्ति यो सिङ्गो समाज र युग नै यातना गृह बनिरहेको तथ्यलाई यसरी चित्रण गरिएको छः यसले यो संसारमा सबैभन्दा ज्यादा अत्याचार खपिरहेकी भनेकी नारी नै हो । भोग्नकै निम्ति मात्र हो नारी शरीर भन्ने ठानेका छन् पुरूषले । दाजु, बाबु, छोरा कोही पनि नारीका संरक्षक छैननः भोक्ता मात्र छन् । तिनीहरूका नजरमा प्रत्येक नारी भोग्यसामग्री मात्र हो ।

नारीलाई प्रकृतिले गर्भधारण र प्रसव वेदना खेप्नैपर्ने नैसर्गिक अभिभारा सुम्पिएको छ, तर पुरूषलाई कुनै यस्तो नैसर्गिक दायित्व सुम्पिएको छैन । फलतः पुरूष स्वतन्त्र, निष्कलङ्क र अनुत्तरदायी बन्दै आएको छ । उसले गर्ने हरेक दोष वा कमजोरीको दण्ड नारीले भोग्नैपर्छ । चाहे कुन्ती हुन् चाहे यशोदा, देवकी, अहिल्या वा सीता । नारीलाई प्रताडित गर्ने ब्रह्मास्त्र भनेकै यौनसम्बन्धमाथिको प्रश्न हो । चाहे सूर्य, इन्द्र, कृष्ण आदि देव हुन् या मानिस । आखिर नारी बलात्कृत हुन्छन् त पुरूषबाट नै । जानी-नजानी यसलाई उछाल्ने र विवादको उत्कर्षमा पुऱ्याउने काममा नारी नै प्रयोग हुँदै आएका पनि छन् । सदियौँदेखि नारीमाथि हुने गरेका यस्ता आरोपजन्य प्रताडना र माध्यमका रूपमा हुने गरेको प्रयोग उत्तरआधुनिककालीन नारीसम्म आइपुग्दा पनि जस्ताको तस्तै रहेको विडम्बनापूर्ण स्थितिलाई प्रस्तुत कृतिले यसरी जीवन्त अभिव्यक्ति दिएको छ । नारीलाई प्रताडित गर्न आजाद छ । यशोदा-सीताले अग्निपरीक्षामा उत्तीर्ण भएर पनि बिछोडको पीडा भोग्नुपऱ्यो । सत्य जे भए पनि नारीमाथि प्रहार गर्न सकिने सबैभन्दा घातक अस्त्र भन्नु यौनसम्बन्धमाथिको प्रश्न हो र यो प्रश्न उठाउने हामी नारी नै हौँ ।

राधा उपन्यासमा प्रकृतिले नारीलाई वंश परम्परालाई निरन्तरता दिनैपर्ने अभिभारा सुम्पिएको भए पनि यो अभिभारा हरेकले पूरा गर्नैपर्ने बाध्यता नरहेको सोचाइ राख्ने समसामयिक युगका नारीहरूको अवचेतनालाई पनि राधाका माध्यमबाट यसरी प्रतिनिधिमूलक रूपमा प्रस्तुत गरिएको छ- आमा, हरेकसँग सन्तान जन्माउन सक्ने प्रकृतिले प्राविधिक शक्ति दिएको छ, तर प्रत्येकले जन्माउनै पर्ने अनिवार्यता छैन । चाहेमा सम्भाव्यताको विद्यमानता मात्र हो ।

तत्कालीन नारीको अवस्था दयनीय रहेको तथा उनीहरूको इच्छाको ख्यालै नराखिने गरेको र यसबाट नारीका चाहनाहरू सहिद हुने गरेको तथ्य एकनंशाले वृद्ध दुर्वासासँग विवाहित

भएर जानु परेको धारणा यशोदा र कलावतीले आफ्नो इच्छा व्यक्त गर्न नसकेकोमा गरेको गुनासो निकै हृदयस्पर्शी छन् ।

यस उपन्यासमा सशक्त स्वर भनेको स्वतन्त्रतामुखी चेतना हो । यसले लोकतन्त्रप्रति अपार सम्मान तथा मानवतावादमाथि अपार श्रद्धा प्रकट गरेको छ । साथै, बन्दी जीवनमाथि चरम घृणा र स्वतन्त्रताप्रति अपार प्रेम व्यक्त गरेको छ । पराधीनतारूपी पीडाबोध भएपछि मान्छे जति नै भौतिक सुख सुविधा भए पनि खुशी र सन्तुष्ट रहन सक्तैन भन्ने यथार्थ यसरी मुखरित हुन पुगेको छः बन्दीको भावना नै पीडादायी हुँदोरहेछ । कहिले महिनौं दरबारबाट बाहिर ननिस्कँदा पनि कुनै मतलब नहुने तर बन्दी छु भन्ने लागेपछि भने छिनछिनमा त्यो कुराले पिरोल्दो रहेछ । यसले मान्छेले जुनसुकै कठिन मोडमा पनि आफ्नो जीवनबारे स्वतन्त्र निर्णय गर्न पूर्णतः स्वतन्त्र हुनुपर्छ भन्ने तथ्य उजागर गरेको पनि छ ।

यस उपन्यासको सशक्त पक्ष हो, मनोरचना । हृदयमा गहिरो रूपमा स्पर्श गरेर बसेको कुनै विशेष घटना वा संस्मरणलाई जति भुल्न खोज्यो उति स्मरण हुने, बरू त्यसैलाई सम्झीसम्झी दैनिक कार्यमा जुटे यसले कम असर पार्ने तथा मानिस मनद्वारा सञ्चालित प्राणी भएकाले यसको जैविक पक्षमा रूप, बल, स्वस्थता आदि पनि यसैको प्रभावबाट प्रभावित रहने तथ्य पनि उजागर गरिएको छ । मान्छेले आफ्ना बुद्धिले जति नै तर्कपूर्ण र व्यावहारिक कुरा सोचे पनि मन बुद्धिको नियन्त्रणमा नहुने यथार्थ पनि यसमा मुखरित भएको छ । मान्छेले एक्लै मनमा कुरा मनमै लुकाएर राख्न नहुने, मनको पीरलाई बाँडिएन भने त्यसले उल्टै विनाश गर्ने हुँदा यसलाई सुपात्रका अघि पारदर्शी बनाउनु नै श्रेयष्कर हुने धारणा राखिएको छ ।

मानिसलाई सम्मोहनमा पार्ने अत्यन्त प्रबल शक्ति भनेको प्रशंसा पनि हो । कसैले राम्रो प्रशंसा गरिदिँदा आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म गैरकानुनी काम पनि गरिदिने तथ्य (साम) व्यावहारिक रूपमै सिद्ध छ । समय, परिस्थिति र विषयहरूले एकैछिनमा युगौंको चेतनले फड्का मार्ने यथार्थता यसरी व्यक्त भएको छ । मान्छे मातृपितृ वियोग, पतिपत्नी वियोग, पुत्रपुत्री वियोग आदि, धनसम्पत्ति नाश वा विघटित प्रेम, शारीरिक पीडा आदिका सन्दर्भमा उत्पन्न ठूलाठूला चोटहरू पनि समयसँगै समन हुने शाश्वत् सत्य पनि उजागर गरिएको छ ।

राधा उपन्यासमा कर्तव्यको भावना पनि उत्तिकै सशक्त रूपमा मुखरित हुन पुगेको छ । यस्तो कर्तव्य भाव कंशको कुशासनका विरूद्धमा सशस्त्र युद्धमा होमिएका कृष्णलाई बौद्धिक, कूटनीतिक तथा आर्थिक सहयोग उपलब्ध गराउनमा दत्तचित्त रहेका ऋषि गर्गमा यो सशक्त बनेर आएको छ । यस्तै देश, जनता र न्यायको पक्षमा उभिने मन्त्री अक्रूर, व्रजबासी युवायुवती, राधा

आदिमा पनि यो भाव प्रबल बनेर देखा परेको छ । राधा उपन्यासमा कंशको आततायी शासन व्यवस्था अन्त्य गरी उग्रसेनलाई पुनः राजा बनाउन आरम्भ भएको भूमिगत युद्धलाई यसमा बडा जीवन्त रूपमा चित्रण गरिएको छ । यस्तै, नवपुस्तामा युग हाँक्ने र बदल्ने सामर्थ्य रहने सार्वजनीन सत्यलाई पनि यसमा उजागर गरिएको छ । वस्तुतः समय सधैँ एउटाको अधिकारमा हुँदैन, यसलाई हाँक्ने नयाँनयाँ व्यक्तिहरू संसारमा आइरहन्छन् । प्रत्येक पुस्ताले आफ्नो युगमा आफ्नो अनुकूल बाटो खोज्छ र संसारमा परिवर्तन एवम् क्रममा भइरहन्छ भन्ने भाव राधा उपन्यासमा छ । नेपालमा पनि राजतन्त्र, राणातन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको सन्दर्भलाई यसले सङ्केत गरेको छ ।

छापामार युद्ध, मल्लयुद्ध, घोषित सशस्त्र युद्धहरूमा जित सधैँ सत्यको नै हुन्छ भन्ने नहुने बरू विजय कलात्मक युद्धपद्धति आत्मसात् गरेमा एवम् बौद्धिक पक्षको संलग्नतासहित योद्धाहरूको पनि मनोबल उच्च रहेमा हुन सक्ने सुझाव दिइएको छ । साथै, हतियारद्वारा जितिएको युद्धभन्दा नैतिकता, मर्यादा र विचारले जितिएको युद्ध नै सफल र सशक्त बन्न सक्ने तथ्यतर्फ यसरी जोड दिइएको छ । युद्ध त हतियारले भन्दा विचारले, मर्यादाले, नैतिकताले पो जित्नुपर्छ । हतियारले मात्र जितिएको युद्ध भोलि अर्को अझ बलियो हतियारधारी आएर जित्न सक्दैन र ? भन्ने भाव व्यक्त छ । संसारमा विश्वासघातजस्तो खतरनाक युद्ध हतियारको युद्ध वा अरु कुनै युद्ध पनि हुन नसक्ने वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ । युद्ध भनेको हतियारले नभएर आत्मविश्वासले जितिने, युद्धकालमा आत्मा कमजोर पार्ने कैयौँ घटनाहरू हुने, ती सबैलाई नदेखेर थाहा नपाएर अघि बढिरहनु पर्ने तथा कृत्रिम कठोरताको अभिनय गरिरहनु पर्ने बाध्यता पनि उजागर भएकै छ । युद्धमा विजयभावको उन्माद पराजयको कारण बन्ने युद्ध मनोवैज्ञानिक भाव पनि मुखरित हुन पुगेको छ (पृ. १५९) । साथै, युद्धमा सहादत प्राप्त सहिदहरूप्रति सम्मान भाव राख्न यसले प्रेरित गरेको छ ।

राधा उपन्यासमा लैङ्गिक विभेदप्रति तिखो कटाक्ष गरेको छ । यस्तै, कलावतीका माध्यमबाट पनि लैङ्गिक विभेद नगर्न यस्तो सल्लाह दिइएको छ । ‘कलावती, छोरीलाई पनि छोरालाई जस्तै विश्वास गर्न सिक्नुपर्छ हामीले । उनीहरूमा पनि छोरामा जत्तिकै आत्मबल हुन्छ, त्यसलाई विकसित पो गरिदिनुपर्छ हामीले । सधैँ उनीहरूलाई कमजोर र हीनग्रन्थिले भर्दै जानुहुँदैन ।’

सत्य सधैँ निरपेक्ष हुँदैन र यो कहिल्यै एउटै रहँदैन । हामीले मानिएका यी सत्यहरू पनि छिनछिनमा बदलिइरहन्छन् । हामीले देखेको सत्य, सुनेको सत्य र भोगेको सत्य सबै फरक हुन्छ ।

आ-आफ्ना ठाउँमा ती सबै सत्य भएरै पनि यी एकअर्कामा बाझिएका हुन्छन् (पृ. १४६) । यस्तो सत्यको तथ्यतर्फ पनि यसले निकै गहन ढङ्गमा विश्लेषण गरेको छ ।

यसमा मानवीय संवेदना मात्र होइन, उच्च बौद्धिक चेतना पनि उत्तिकै सबल बनेर आएको छ । जस्तो कि विचारले चल्न थालेपछि त्यसभित्रको संवेदना मर्दै जाने अनि तर्कले बुद्धिमा ठाउँ लिने र एक दिन त्यसले हृदयलाई बिर्सने सत्यतालाई बडो कलात्मक रूपमा राधाका माध्यमबाट प्रस्तुत गरिएको छ । (पृ. १९१)

यस्तै, अश्वत्थामाद्वारा व्यक्त ज्ञानको कुरा शान्त अवस्थामा मात्र हुने, युद्धमा बुद्धि, विवेक सबै लुप्त रहने, जब अहङ्कार बढेपछि घमन्ड बढ्ने र अहम्ले जित्ने अनि जायज, नाजायज सबै एकै हुने धारणा पनि कम बौद्धिक छैन । (पृ. ३३५)

पतिपत्नी एउटा पवित्र बन्धन हो र यसमा समय र परिस्थितिले अनेक उतारचढाव, तनाव, बेमेल र असमझदारीहरू पैदा हुन्छन्, तापनि मिलेर बस्नु अपरिहार्य छ भन्ने शाश्वत् जीवन-दर्शनलाई प्रस्तुत गरेको छ । यशोदालाई कृष्ण र एकनंशा जन्म प्रसङ्ग अन्य व्यक्तिबाट थाहा पाएपछि शून्यताबोध गर्न पुगेकी यशोदाको यस्तो कथन कम मार्मिक छैन- आज आफू चिनिसकेपछि, म पनि स्वयम् केही हुँ थाहा पाएपछि मेरो अस्तित्व र महत्त्वबोध भइसकेपछि भाग्य, ईश्वर र चमत्कारबाट मुक्त भइसकेपछि पनि नन्दजी मेरा जीवनसाथी नै हुन्, तिनीबिनाको म वा मबिनाको तिनी जीवनमा सुखी हुनु सम्भव छैन । (पृ. ११० र १११) ।

बाल्यकाल जीवनको प्रातःकाल हो र दोषगुणमुक्त काल पनि हो । वस्तुतः मानिसले आफ्नो बाल्यकालको जति माया जीवनको अरु कुनै कालको गर्न नसक्ने,  साथीहरू पनि त्यति बेलैका मात्र सच्चा हुने, कुनै स्वार्थ नभएका, कुनै लोभ मोह नभएका मात्र माया र प्रेमले बाँधिएका हुने भएकाले त्यो बाल्यकालीन मित्रता नै साँचो र पछि थपिने मित्रतामा स्वार्थ, विषय, प्राविधिकता, आवधिकताले वशीभूत हुने सत्य पनि यहाँ मुखरित हुन पुगेको छ । (पृ. १९७)

यस उपन्यासमा देह र आत्माका बीच विद्यमान भिन्नता र यी दुईको सम्बन्धबारे प्रकाश पारिएको छ । मान्छे शरीरकै माध्यमबाट एकअर्कासँग भेटिने, शरीरकै माध्यमले लिङ्ग, जाति, गोत्र वर्गमा विभाजित हुने, शरीरले नै हामीलाई सुन्दर र कुरूप देखाउने, देखिने त्यही सुन्दरताबाट हाम्रो निकटताको यात्रा अघि बढिरहेको हुने, आत्मा पनि शरीरकै माध्यमबाट चिनिने अनि शरीर नभए कुनै वस्तुले पनि अस्तित्व ग्रहण गर्न नसक्ने अध्यात्मवादी चिन्तनलाई यसले सशक्त रूपमा उठाएको छ । आलोभन्दा खाटो बसेको घाउ कोट्याउँदा ज्यादा दुख्ने, छोराछोरी र

आमाबाबु सदासदाका लागि सँगै हुन नसक्ने, आमाबाबुले छोराछोरीका पखेँटा बाँधेर राख्न नहुने, सबैको एकमत हुँदा ठाउँ सुरक्षित रहन सक्ने, हातबाट उम्किसकेको वस्तुको मोहमा फसेर रातदिन चिन्तित हुनुको कुनै अर्थ नहुने र जीवनको यो कठिनतम यात्रामा अगि बढिरहनु पर्ने, यात्रामा सधैँ सबैको साथ नपाइने हुँदा त्यसलाई एक्लैले पूरा गर्नुपर्नेजस्ता कथन कम व्यवहारोपयोगी छैनन् ।

यस उपन्यासको अर्को सबल पक्ष अस्तित्ववाद हो । जीवनलाई कुनै पनि समय, स्थान, रङ, रूप, वर्ग, धर्म, उमेर, समस्या, अभाव, आग्रह र भावनाको पर्खालद्वारा छेक्न नहुने, बरू यसलाई यात्राका क्रममा प्राप्त सुविधाहरूलाई उपयोग गर्दै स्वतन्त्र र स्वच्छन्द रूपमा अघि बढ्न दिनुपर्ने, आफ्नो जीवनको मूल्यबोध गर्न प्रेरित गर्नुपर्ने सल्लाह दिइएको छ । (पृ. १९६)

बनावटी आस्था र स्वार्थी सम्बोधनरूपी सीमित घेराभित्र मान्छेले जीवनको यथार्थबोध गर्न नसक्ने हुँदा उसले आफ्नो वस्तुताको मूल्यबोध गर्न आफ्नो प्रभावक्षेत्रबाट टाढा पुग्नुपर्ने, बिल्कुलै अपरिचित संसारमा आफ्ना सारा परिचय गुमाएर अनि कसैको उपकारको दायित्वले नथिचिएको क्षण नै साह्रै आनन्ददायी, सुखद र शान्त हुने अस्तित्ववादी चेत् पनि यसमा मुखरित हुन पुगेको छ । (पृ. २३७ र २३९)

यसमा तत्कालीन कतिपय मानव सभ्यतामा रहेको आतिथ्य सत्कार र सेवाको मुक्तकण्ठले प्रशंसा गरिएको छ । गरिबीका कारण भोजन व्यवस्थापन गर्न नसक्दा उनीहरूले व्यक्त गरेको चिन्ता र आवास साँघुरो हुँदा अतिथिलाई शयनका लागि घरै छोडिदिएको सन्दर्भ, पिल्ली र उसकी सासूले देखाएको मानवीय व्यवहार, शेर्पा र उनकी पत्नीले दर्शाएको प्रेम जयगुप्त, वीरसिंह र उनकी पत्नीको सौम्य व्यवहार निकै मार्मिक र अनुकरणीय छन् । राधा उपन्यासमा स्वच्छन्दतावादी भावधाराका कतिपय विशेषताहरू यसमा फेला पर्दछन् । प्रकृतिप्रतिको आकर्षण र ममता यसमा निकै सशक्त बनेर आएको छ । यस्तो चिन्तन राधामा ज्यादा देखा पर्दछ । उनी प्रकृतिपुत्रीका रूपमा आफूलाई उभ्याउन चाहन्छिन् । उनको जन्म, सिङ्गो जीवनयात्रा र दर्शन पनि यसैमा केन्द्रित छ । उनकै कथन यस्तो छ- उनी र मबीचमा कत्रो द्वन्द्व छ । उनी मलाई भौतिकीले तानेर आफूतिर लान चाहन्छन्, म प्रकृतिमै उभिएर उनलाई बोलाइरहेकी छु । (पृ. १९९) राधा उपन्यासमा कथावस्तु, चरित्र, परिवेश र शिल्पमा समेत पुरातन लेखन पद्धतिलाई भत्काउँदै नयाँ मार्ग खोल्ने चेष्टा गरेको पनि छ । चाहे श्रीमद्‌भागवत पुराण, शैवपुराण वा अन्य पुराणमा वर्णित मिथकलाई एउटा नयाँ सन्दर्भ दिएर पुनर्लेखन गर्ने प्रवृत्ति आत्मसात् गरिएको छ । उपन्यासकार स्वयं शिवपुराणमा वर्णित सत्यदेवीको आत्मदाहको कथाले विघटनको सबैभन्दा

शक्तिशाली मिथकको निर्माण गरेको र प्रेमले सम्पूर्ण ज्ञानलाई कसरी छोप्छ भन्ने एउटा उदाहरण यसमा मुखरित हुन पुगेको धारणा राख्तछन् ।  यसमा जसरी राधाको अभावपूर्ति गर्न कृष्णले राधाकै प्रतिच्छाया प्रतीत हुने कन्यासँग गरे, त्यसरी राधाले गरिनन् । तर, उनको वैष्णवी रूप कृष्ण अप्राप्तिकै चोटमा आरम्भ भएको हो, तापनि मानस रूपमै सही कृष्णको पत्नीत्व ग्रहण गरी मानस रूपमै उनबाट यौनतुष्टि लिइरहेको प्रतीत हुन्छ । कृष्णनिकट हुँदा आफूलाई सम्हाल्न कठिन भएको र चित्त अस्थिर भई विक्षिप्तता पैदा हुने भय पैदा भएको र यसलाई समन गर्न दैहिक रूपमा असम्भव भएपछि पुनः वृष्णवी रूप धारण गरी महायात्रामा निस्केको, तर उनीप्रतिको आकर्षणले खिचिरहेको हुँदा अन्त्यमा कृष्णलाई भेट्न वीरसिंहसँगै कुरूक्षेत्र पुगेको कथनबाट यसमा राधाको अतृप्त दैहिक कामेच्छा पटकपटक उद्दीप्त भइरहेको आभास हुन्छ । कृष्णमा त राधाको अप्राप्तिका कारण त्यति धेरै पत्नी हुँदाहुँदै पनि अतृप्तता पटकपटक सतहमा देखा परिरहेको र राधामा पनि यस्तै स्थिति पैदा भएका कारण तथा कलावती, यशोदा, द्रौपदी, कुन्ती आदि पात्रहरूमा पनि यही मनोदशा देखा परेकाले यसलाई यौनमूलक रचना भन्न सकिने देखिन्छ ।

### ४.२ 'राधा' उपन्यासको चरित्र विश्लेषण

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६ : २७) ।

उपन्यासको कथानकको क्रिया व्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई अगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँदछ ।

#### ४.२.१ पात्र वर्गीकरणको आधार

पात्रहरूको वर्गीकरण विभिन्न तरिकाबाट गतिशील र गतिहीन, यथार्थ र आर्दश, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारस्परिक र मौलिक रूपले गरिएको पनि पाइन्छ ।

उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरू पनि महत्त्वपूर्ण केही आधारहरू हुन् भने निम्नलिखित आधारहरू पनि महत्त्वपूर्ण रहेका छन् ।

यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता पर्दछन् ( बराल र एटम, २०६६ : २९) ।

**क) लिङ्गका आधारमा**

उपन्यसामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि तौर-तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

"पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ" (बराल र एटम, २०६६ : २९) ।

**ख) कार्यका अधारमा**

उपन्यासमा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र उपन्यासको केन्द्रिय चरित्र हो, सहायक पात्र उपन्यासको केन्द्रिय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, उपन्यासमा नभए पनि फरक नपर्ने पात्र हो ।

**ग) प्रवृत्तिका आधारमा**

यस उपन्यासमा पात्र अनूकुल र प्रतिकुल गरी दुई वर्गका हुन्छन् । उपन्यासको कथावस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनूकुल चरित्र हुन आउँछ र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकुल चरित्र हुन्छ ।

**घ) स्वभावका आधारमा**

यस उपन्यासमा गतिशील र गतिहीन दुई स्वभावका पात्र हुन्छन् । उपन्यासको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र हन्छन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन्छन् ।

**ङ) जीवन चेतनाका आधारमा**

उपन्यासमा सहभागी हुने पात्रले देखाएको जीवनचेतना भनौ उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र हो भने जसले आफू बाहेक

सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र हुन्छ ( आचार्य, २०६६ : १५६) ।

**च) आसन्नताका आधारमा**

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् (बराल र एटम, २०६६ : ३०) ।

**छ) आबद्धताका आधारमा**

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६ : ३०) ।

### ४.२.२ 'राधा'मा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

यसका पात्रहरूमा राधा केन्द्रीय चरित्रका रूपमा प्रस्तुत छिन् । कृष्ण भने मुख्य पुरूष पात्रका रूपमा उपस्थित छन् । यस्तै, सहायक पुरूष चरित्रका रूपमा नन्द राय, गर्ग ऋषि, बृषभानु, चित्रभानु, कंस र वीरसिंह सहायक स्त्री चरित्रका रूपमा सुशीला, विशाखा, कलावती, यशोदा र पिल्ली, रुक्मिणी र एकनंशा उपस्थित छन् । यस्तै, गौण चरित्रका रूपमा बलराम, सुदामा, देवकी, वसुदेव चाणूर, मुस्टिक, जयगुप्त, व्रजवासी गोपी-गोपिनीहरू, रूक्म, जरासन्ध, पाँच पाण्डव, द्रोपदी, कुन्ती, विदुर, विभिन्न देशका सेनाहरू, शेर्पा र शेर्पिनी आदि रहेका छन् ।

यस उपन्यासको अत्यधिक शक्तिशाली पक्ष भनेको जीवन-दर्शन नै हो जुन राधा, उनकी आमा कलावती, कृष्ण, यशोदा, एकनंशा, गर्ग, द्रौपदी, जस्ता जीवन्त चरित्र, तिनका करूण मनोदशा र विभिन्न घटना-चक्रहरूबाट प्रतिध्वनित हुन पुगेका छन् ।

प्रस्तुत राधा उपन्यासका प्रमुख पात्रहरुको विश्लेषण यस किसिमले गर्न सकिन्छ :

**क) कृष्ण**

कृष्णले राधाको अतृप्तिलाई तृप्त गर्न एक-दुई हुँदै सोह्र हजार एक सय आठ कन्या ल्याएको तर पनि त्यो तृप्त बन्न नसकेको तथ्य राधाको खोजीमा वर्षौंसम्म हिँडेको तथा उनीसँग

भेट भएपछि आफूसँगै बस्न गरेको आग्रहबाट कुण्ठा अभिव्यक्त हुन पुगेको छ । यस्तै, यसले मानिसभित्रको अभाव, अप्राप्ति, वियोग, वेदना आदिबाट पैदा हुने आँसुलाई एकपल्ट निचोरिएरै बग्न दिनुपर्ने, नत्र बग्न नपाएर भित्रभित्रै सुकेको आँसुले सधैँ अनुहारमा वेदना र पीडाको छाया परिरहने यथार्थ पनि यसमा व्यक्त भएको छ (पृ. ३१६) । यसप्रकार, प्रेम र यौनको सघनतामा यो उपन्यासले परिक्रमा गरेको छ । मुख्य नायक कृष्णका माध्यमबाट मान्छेमा ऐकान्तिकताले निराशा, पलायन र हीनताग्रन्थि पैदा गरी विनाशतिर लैजाने हुँदा यथाशीघ्र यसबाट मुक्त हुन सल्लाह दिइएको पनि छ (पृ. १९०) ।

**ख) राधा**

राधा उपन्यासमा जसले देखे पनि आँखा गाडिहाल्ने हुँदा रूपवती नारीका लागि आफ्नै शरीर आफ्ना लागि शत्रु हुने, यो शरीरभित्रको मन, भाव, विचार, चेतना र सोच कुनैको महŒव नरहने र पुरूषका लागि हाम्रो शरीर एउटा विशिष्ट उपभोग्य वस्तुमात्र भएकाले चुसेर छाड्ने उखुको खोस्टामात्र भएको विचार राधाको छ । नारीलाई भोग्या मात्र बनाइएकोमा उनको तीव्र आक्रोश छ । यसमा उनी बलिया पुरूषहरूले अपहरण गरेर लगी पत्नी बनाउन पाइने यस्तो कमजोर सभ्यताप्रति प्रश्न गर्दछन् । राधा उपन्यासमा गोपिनीको चीरहरण, रासलीला, राधासँगको प्रेम र उनी र कृष्णको विवाह नहुनुको कारण, सोह्र हजार एक सय आठ नारी विवाह गर्नु परेको प्रसङ्ग हिजोको सन्दर्भमा उचित देखा परे पनि आजको युगअनुरूप नरहेकाले हुँदै गरेको आलोचनाको यसले स्पष्टीकरण दिई चित्त बुझाउने प्रयत्न गरेको प्रतीत हुन्छ । प्रतिष्ठाको लडाइँ लड्ने धुनमा रुक्मिणीलाई हरण गरेको र यसमा प्रेम र आकर्षणभन्दा पनि अहम्ले काम गरेको थियो भन्ने कथन राधा उपन्यासले आफू प्रथम मानस पत्नीलाई आठ-आठवटी पत्नीको परिचय दिएको छ । कृष्णले राधाकै प्रेमले पारेको अथाह खाडल भर्न एक-एक गर्दै विवाह गर्दै गएको, तर ती कुनैले पनि त्यो प्रेमको अथाह खाडल भर्न नसकेको र देवकीले राधासँग तिम्रै खोजीमा तिम्रै तिर्सनामा कृष्णले यत्रा आइमाईहरू भेला गर्दै गयो । उसभित्रको तिम्रो उपस्थितिले ऊ एक प्रकार मानसिक रोगीजस्तो भयो । त्यसले प्रत्येक युवतीमा तिम्रो विशेषता देख्यो र तिनीहरूको हरण गरिरह्यो । एकातिर राधा उपन्यासमा कृष्णलाई चरित्रहीन पुरुष पात्रका रूपमा लिन सकिन्छ भने अर्को कंससँगको युद्धमा सफल हुनु र पाण्डवहरूलाई बचाउनुले मुख्य नायकका रूपमा कृष्णलाई लिन सकिन्छ ।

**नन्द**

नवजात शिशु बसुदेवको काखमा सुम्पनु सक्नु र छोरीलाई कंसको शिकार बनाउनका लागि पछि नपर्ने नन्द रायले छोरालाई राखेर आफ्नी नवजात छोरीलाई कंशको कोपभाजन हुनका निम्ति पठाउने पात्रका रूपमा लिइएको छ ।

संक्षेपमा यस उपन्यासका पात्रहरुलाई सम्बन्धित तालिकामा देखाइएको छ ।

**राधा' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क्र. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकू. | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | कृष्ण | + | | + | | + | | | | | + | | + | | + | |
| २. | राधा | | + | + | | + | | | | | + | | + | | + | |
| ३. | बसुदेव | + | | + | | | + | | + | | + | | + | | + | |
| ४. | देवकी | | + | | + | + | | | + | | | + | + | | + | |
| ५. | बलराम | + | | + | | + | | | | + | + | | + | | + | |
| ६. | नन्द | + | | + | | | + | | | + | | + | | + | | + |
| ७. | यशोदा | | + | | + | | | + | + | | | + | + | | | + |
| ८. | कंस | + | | | + | | | + | | | | + | + | | + | |
| ९. | सुशीला | | + | | + | | + | + | + | | | + | + | | + | |
| १०. | वृषभानु | + | | | + | | | + | | | | + | | + | | + |
| ११. | चन्द्रभानु | | + | | + | | | + | + | | | + | | + | | + |
| १२. | विशाखा | | + | | + | | | + | + | | | + | | + | | + |
| १३. | वृन्दा | | + | | + | | | + | | + | | + | | + | | + |
| १४. | उर्मिला | | + | | + | | | + | | + | | + | | + | | + |
| १५. | विरोचन | + | | | + | | | + | | + | | + | | + | | + |
| १६. | एकनंसा | | + | | + | | + | | + | | | + | + | | | + |
| १७. | कलावती | | + | | + | | + | | | + | | + | + | | | + |
| १८. | गर्गऋषि | + | | | + | | + | | | + | | + | + | | | + |
| १९. | साधुबाबा | + | | | + | | + | | | + | | + | + | | + | |
| २०. | टीका अर्याल | + | | | + | | + | | | + | | + | + | | | + |
| २१. | शिवकुमार | + | | | + | | | + | | + | | + | | + | + | |
| २२. | चिन्तामणि | + | | | + | | | + | + | | | + | + | | + | |
| २३. | लोकराज | + | | | + | | | + | + | | | + | + | | + | |
| २४. | हुमागाई | + | | | + | | | + | | + | | + | | + | | + |
| २५. | लेखनाथ | + | | + | | | + | | + | | | + | + | | + | |
| २६. | कुन्ती | | + | | + | | | + | + | | | + | | + | | + |
| २७. | पाण्डव | + | | | + | | | + | | + | | + | | + | | + |
| २८. | अर्जुन | | + | | + | | | + | | + | | + | | + | | + |
| २९. | दौपदी | | + | | + | | | + | | + | | + | | + | | + |
| ३०. | द्रुपद | | + | | + | | | + | | + | | + | | + | | + |
| ३१. | रुम्मिणी | | + | | + | | | + | | + | | + | | + | | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२. | जरासन्ध | + | | | + | | | + | | + | | + | | + | | + |
| ३३. | कालयमन | + | | | + | | | + | | + | | + | | + | | + |
| ३४. | शशीकला | | + | | + | | | + | | + | | + | | + | | + |
| ३५. | कृतराष्ट्र | + | | | + | | | + | | + | | + | | + | | + |
| ३६. | पाण्डु | + | | | + | | | + | | + | | + | | + | | + |
| ३७. | सूर्य | + | | | + | | | + | | + | | + | | + | | + |
| ३८. | कुन्ती बाबा | + | | | + | | | + | | + | | + | | + | | + |
| | कुन्तीकी आमा | + | | + | | | + | | + | | + | | + | | + | |

यस तालिकामा चिन्हित पात्रहरुलाई निम्नलिखित किसिमले क्रमशः व्याख्या गरिएको छ :

**१) कृष्ण**

पुरुष पात्र :'राधा ' उपन्यासका पात्रहरु मध्ये कृष्ण लिङ्गका आधारमा एक पुरुष पात्र हुन् ।

प्रमुख पात्र : प्रस्तुत उपन्यासमा सबैभन्दा प्रमुख एवं मुख्य व्यक्ति हुन् । उपन्यासमा सुरुदेखि अन्त्य सम्म कृष्णको भूमिका महत्वपूर्ण छ । सिङ्गो कथानक नै पर्याधारमा घुमेको छ र उपन्यासको सम्पूर्ण घटनाक्रमहरु कृष्णकै केन्द्रीयतामा अगाडी बढेको हुनाले कृष्ण कार्यका आधारमा प्रमुख पात्र हुन् ।

वर्गगत पात्र : बाल्यमाकाल देखिनै राधासगँ बसेको गहिरो प्रेम सम्बन्ध कालान्तरमा दरार आएपनि एक हुन नसक्नु, साथै वास्तविक परिचय अवगत भइसकेपछि आफूमा आएको षडयन्त्र पर्दाफास हुनु र आफूमाथि भएको अत्याचार , अन्याय विरुद्ध उभिएको पात्रको रुपमा लिन सकिने भएकाले जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् ।

मञ्चीय पात्रः कृष्ण यस उपन्यासमा सुरुदेखी अन्त्य सम्म प्रत्यक्ष रुपमा उपस्थिति हुनुका साथै उपन्यासको प्रमुख नायक भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

बद्ध पात्रः कृष्ण यस उपन्यासका प्रमुख पात्र एवम् नायक भएकाले उपन्यासको कथावस्तु उनकै केन्द्रीयताका  आधारमा अगाडि बढेको छ । उनलाई उपन्यासबाट अलग्याउन मिल्दैन । त्यसैले आबद्धताका आधारमा कृष्ण बद्ध पात्र हुन् ।

**२) राधा**

स्त्री पात्रः राधा 'राधा ' उपन्यासकी पात्रहरुमध्ये लिङ्गका आधारमा एक स्त्री पात्र हुन् । वृषभानु र कलावतीकी एक मात्र सुपुत्री भएकाले राधा लिङ्गका आधारमा स्त्री पात्र हुन् ।

स्थिर पात्र : प्रस्तुत उपन्यासमा राधाले सुरुदेखि नै  कृष्णलाई मन पराए तापनि कृष्णसँग बिहे नभएको हुनाले स्वभावका आधारमा राधा स्थिर पात्र हुन् ।

प्रमुख पात्र : प्रस्तुत उपन्यासमा राधा को भूमिका प्रमुख रहेको हुनाले उनी कार्यका आधारमा प्रमुख पात्र हुन् ।

वर्गगत पात्र : आफूले बाल्यकालदेखि नै मन पराएको कृष्णलाई आफ्नो वनाउन नसक्नु , आफ्नो अडान नछोड्नु , पुरुषप्रधान समाजमा महिलाले भोग्नुपरेका सामाजिक मानसिक समस्यालाई उजागर गर्नु , सांसारिक प्रेमलाई त्यागेर वैष्णवी रुप धारण गरी ज्ञान र शान्ति प्रचार प्रसार गर्नुले राधालाई जीवनचेतनाका आधारमा वर्गगत पात्रका रुपमा लिन सकिन्छ ।

मञ्चीय पात्रः राधा यस उपन्यासमा सुरुदेखी अन्त्य सम्म प्रत्यक्ष एवं केन्द्रीय रुपमा उपस्थिति हुनुका साथै उपन्यासकी प्रमुख नायिका भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

वद्ध पात्रः यस उपन्यासमा राधाको केन्द्रीय भूमिका रहेको हुनाले उपन्यासबाट हटाउँदा कथा वस्तु नै नरहने भएकाले गर्दा उनलाई अलग्याउन मिल्दैन । तसर्थ आवद्धताका आधारमा राधा  वद्ध पात्र हुन ।

**३) वासुदेव**

पुरुष पात्रः राधा उपन्यास का वासुदेव लिङ्गका आधारमा पुरुष पात्र हुन ।

सहायक पात्रः उपन्यासमा वसुदेवको भुमिका कमै मात्रा भएको हुनाले र्कायका आधारमा सहायक पात्र हुन ।

अनुकुल पात्रः उपन्यास का सहायक पात्र रुपमा रहेका वसुदेव ले आफ्नो सन्तानका लाग आफुलाई एक असल काम गरको प्रवृत्तिका आधारमा उनी अनुकूल पात्र हुन् ।

वर्गगत पात्रः जीवनचेतनाका आधारमा वसुदेव वर्गगत पात्र हुन् । उनले राधा उपन्यासको प्रमुख नायक कृष्णलाई वचाएका हुनाले वर्गगत पात्र हुन् ।

मञ्चीय पात्रः आसन्नता का आधारमा वसुदेव मञ्चीय पात्र हुन् । वीचमा मात्र प्रत्यक्ष भूमिका रहेको हुनाले उनलाई मञ्चीय पात्रका रुपमा लिन सकिन्छ ।

**४) देवकी**

स्त्री पात्रः राधा उपन्यासमका प्रमुख नायक कृष्णकी वास्तविक आमा अर्थात् जन्मदिने आमा भएकीले लिङ्गका आधारमा देवकी स्त्री पात्र हुन् ।

प्रमुख पात्रः प्रस्तुत उपन्यासमा देवकीको महत्वपूर्ण भुमिका रहेको हुनाले प्रमुख पात्र हुन् ।

अनुकूल पात्रः प्रस्तुत उपन्यासमा देवकी प्रवृतिका आधारमा अनुकुल पात्रका रुपमा स्थापित भएकी छन् ।

व्यक्तिगत पात्रः राधा उपन्यासमा जीवनचेतनाका आधारमा देवकी व्यक्तिगत पात्र हुन् ।

वद्ध पात्रः 'राधा' उपन्यासमा देवकी आवद्धताका आधारमा वद्ध पात्र हुन् ।

**६) वलराम**

पुरुष पात्र : 'राधा' उपन्यासमा लिङ्गका आधारमा वलराम पुरुष पात्र हुन् ।

स्थिर पात्रः प्रस्तुत उपन्यासमा स्वभाका आधारमा वलराम स्थिर पात्र हुन् ।

प्रमुख पात्रः प्रस्तुत उपन्यासमा प्रमुख नायक कृष्णको पछाडि वलरामको पनि उल्लेखनीय भूमिका रहेको हुनाले कार्यका आधारमा प्रमुख पात्र हुन् ।

प्रतिकूल पात्रः वलराम प्रवृतिका आधारमा प्रतिकुल पात्र हुन् ।

वर्गगत पात्रः राधा उपन्यासमा वलराम जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् ।

मञ्चीय पात्रः वलराम आसन्नताका आधारमा मञ्चीय पात्र हुन् ।

वद्ध पात्रः वलराम आवद्धताका आधारमा वद्ध पात्र हुन् ।

## ४.३ भाषागत आधारमा 'राधा' उपन्यासको शैली वैज्ञानिक विश्लेषण

शैली विज्ञानका आधारमा कुनै पनि कृतिलाई अध्ययन विश्लेषण गर्न भाषाविज्ञानले महत्वपूर्ण आधार प्रदान गर्दछ । कुनै पनि कृतिमा भाषाका विभिन्न विशेषताहरू रहेका हुन्छन् । शैली वैज्ञानिक विश्लेषणबाट भााषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असामान्यता, विलक्षणता दिलाउन चयन, विचलन र समानान्तरताको अहम भूमिका रहन्छ । शैली वैज्ञानिक विश्लेषणको माध्यमबाट **राधा** उपन्यासमा निहित भाषालाई भाषिक चयन, विचलन र समान्तरताको आधारमा विश्लेषण गरिएकोछ ।

### ४.३.१ चयन

कुनै सष्ट्रासँग उपलब्ध विभिन्न विकल्पहरूमध्येबाट गरिने कुनै एक विकल्पको छनोट नै चयन हो । चयन सहित्यकारले अभिव्यक्त गर्ने अभिव्यक्तिका स्तरमा हुने गर्दछ । मोटमोटी रूपमा अभिव्यक्तिलाई उजिल्याउनका साथै रचनालाई खँदिलो, खिरिलो, सजीव बनाउन सर्जकले असिमित शक्तिले युक्त भाषाको छनोट गरेर रचनालाई दरिलो र पोटिलो बनाउँछ । यस प्रकार भाषाका विविध विकल्पहरू मध्येबाट रचनालाई प्रभावकारी, सार्थक र भावलाई गति र प्रवाह दिन गरिने उचित एवम् सुहाउँदो छनोटलाई चयन भनिन्छ ।

शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्दछ (शर्मा, २०५९ : ७) । साहित्यिक अभिव्यक्तिको विविधताका लागि भाषाका विकल्पहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । विभिन्न विकल्पहरूमध्ये उपयुक्त छनोटलाई नै चयन भन्ने गरिन्छ (भण्डारी र नेपाल, २०६७ : ३४) ।

#### ४.३.१.१ शब्द चयनका आधारमा 'राधा' उपन्यास

भाषाको न्यूनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महत्त्वपूर्ण हुन्छ । साहित्यकारले एउटै अर्थ दिने समाजमा प्रचलित विभिन्न शब्दहरू मध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछ । **राधा** उपन्यासमा पनि उपन्यासकार कृष्ण धरावासीले शब्द चयन माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

##### ४.३.१.१.१ तत्सम शब्दको चयन

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम् शब्द हुन् । प्रस्तुत '**राधा**' उपन्यासमा तत्सम् शब्दहरू सान्र्दभिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) यशोदाले आफूलाई कठोर बनाइराख्न सकिनन् । मनमा कति नै आत्मबोध उचाइ उठेको लागे पनि मनको कुनै कुनामा नन्दजीप्रति अगाध प्रेम जागेर आयो (धरावासी, २०७३:११०) ।:

माथि रेखाङ्कित गरिएका शब्दहरू **राधा** उपन्यासमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू काव्यमा सार्थक रूपमा प्रयोग भएका छन् । उपन्यासकारद्वारा

यस उपन्यासमा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्सम शब्दको चयनले उपन्यासको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै उपन्यासलाई प्रभावकारी र विशिष्ट बनाएको पाइन्छ ।

### ४.३.१.१.२ तद्भव शब्द चयन

संस्कत भाषाबाट रूप फेरिएर नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । **राधा** उपन्यासमा उपयोग गरिएको तद्भव शब्दहरूलाई निम्न उदाहरणबाट स्पष्ट पार्दछ :

क) उनीसँग मेरो प्रेम विवाह हुनु कुनै पनि अवस्थामा सम्भव थिएन मातापिताका नजरमा ( धरावासी, २०७३:४३) ।

ख) ब्रजमा कृष्णको जन्म भएयता वर्षेनी हुने गरेका अनिष्टकारी घटनाहरूलाई मान्छेहरू सम्झन थालेछन् (धरावासी, २०७३:५२) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू **राधा** उपन्यासमा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् । जुन संस्कृत भाषाबाट निम्नअनुसार परिवर्तन भई आएका छन् ।

### ४.३.१.१.३ आगन्तुक शब्द चयन

अन्य विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । **राधा** उपन्यासका आगन्तुक शब्दहरूको प्रयोग सार्थक रूपमा गरिएको छ :

क) मैले पनि कसैसँग पनि भेट गर्न सकिन । त्यो घटनापछि घरमा पनि मेरो अवस्था नाजुक भयो । अब गाउँलेहरूले मेरो विषयलाई लिएर आमामाथि नै औंला उठाए (धरावासी, २०७३:७९) ।

ख) कुनै गहिरो कुवाभित्र कसैले बोलेझैँ गम्भीर आवाजमा उनी बोले 'राधा ! रात्री वनभोजको कार्यक्रमले हामीलाई नराम्रो पार्‍यो' (धरावासी, २०७३:७९) ।

माथिका रेखाङ्कित शब्द विभिन्न भाषाबाट आएका हुन् । यसरी आगन्तुक शब्दले **राधा** उपन्यासको भाषिक प्रयोगमा थप उर्जा थपेको छ ।

### ४.३.१.१.४ झर्रा तथा अनुकरणात्मक शब्द चयन

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैं उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक

रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्क शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, भरिलो, मीठो र गुलियो पार्ने काम गर्दछन् । **राधा** उपन्यासमा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

क) म एकोहोरो टुलुटुलु तिनलाई हेरिरहँदी भएँ । निकैबेरपछि उठेर बसेँ र भने, 'कृष्ण हामी यस्तो अप्ठ्यारोमा कसरी रहने ?' (धरावासी, २०७३:५१) ।

माथि रेखाङ्कित गरिएको शब्द **राधा** उपन्यासमा प्रयुक्त भएका अनुकरणात्मक शब्द हो ।

### ५.१.१.५ द्वित्व शब्द चयन

एउटै शब्द दोहोरिएर आएमा द्वित्व हो । यस्ता शब्दले यस उपन्यासलाई जीवन्तता प्रयास गरेको छ । यस उपन्यासमा द्वित्व शब्दहरू प्रशस्त पाइन्छन् ।

क) मलाई पनि केरीकेरी सोधे, मैले आमालाई भनेकै कुरा समाजमा सुनाएँ । मानिसहरू तिमी र कृष्णसँग साह्रै रिसाए (धरावासी, २०७३:७१) ।

ख) तिनी मेरा पिता बृषभानुसँग रिसाएर मलाई नै बिर्सने हुन् कि भन्ने डर लागेको थियो तर खबरले कृष्णमा कुनै हलचल नआएको पाएर सन्तुष्ट भएँ (धरावासी, २०७३:७६)

माथिका रेखाङ्कित शब्दहरू द्वित्व शब्दहरू हुन् । पूर्ण द्वित्व- केरीकेरी अपरिवर्तित द्वित्वका रूपमा आएका छन् ।

### ४.३.१.२ नामको चयन

नेपाली परम्परागत व्याकरण अनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ । कुनै पनि वस्तु, व्यक्ति, गुण, भाव स्थितिको परिचय गराउने शब्दलाई नाम भनिन्छ । आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ । कार्यका आधारमा नामलाई निम्नअनुसार वर्गीकरण गरिन्छ । साङ्ख्येय र असाङ्ख्येय, सजीव र निर्जीव, मानवीय र मानवेतर, मूर्त र अमूर्त, आदिका आधारमा ४ भागमा विभाजन गरेको पाइन्छ :

क) कृष्णका आँखा फेरि रसिला भए । गला अवरुद्ध भए । मलाई लाग्यो एउटा बालक आफ्नी आमाका अगाडि व्यथा पोरिरहेको छ (धरावासी, २०७३:७९) ।

ख) विशाखा पनि विस्तारै यो यात्रालाई स्वीकार गर्दै थिई । त्यसैले जीवनलाई उसकै ढङ्गले केही बुझ्न लागेझैँ थिई (धरावासी, २०७३:२३९) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन् । उपन्यासमा यस्ता नामको प्रयोगले उपन्यासलाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको पाइन्छ ।

### ४.३.१.३ सर्वनामको चयन

परम्परागत व्याकरण अनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ। आधुनिक व्याकरणले नाम, उपवाक्य, वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोगको औचित्य नै एउटै अभिव्यक्तिलाई पटकपटक आवृत्ति एवम् पुन प्रयोग हनु नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ। **राधा** उपन्यासमा प्रयोग भएका सर्वनामहरू निम्नानुसार छन् :

क) उहाँले भन्नुभयो 'तर छोरी, यत्रो लामो लम्पट जिन्दगी तिमी एक्लै कसरी बिताउँछौं ? आजको भावुकता जीवनभरि कायम रहँदैन। तर समय पनि पर्खी बस्दैन' (धरावासी, २०७३:२१३)

ख) उनलाई मैले त्यही कक्षामा लगी बसाएँ, जहाँ मलाई पहिलो दिन बसाएर कुरा गरेका थिए। आमनेसामने बसेका थियौं। बोल्न अप्ठ्यारो मानिएका थिए तिनी (धरावासी, २०७३:२९२) ।

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर यस उपन्यासको भाषालाई चिटिक्क बनाएको छ ।

### ४.३.१.४ विशेषणको चयन

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन्। विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ ।

क) एकरात साह्रै कष्टसाथ दाह्रा किटेर, पीडा एक्लै खपेर, आमा र बुबाको मात्र मद्दतले मैले एउटा सन्तान जन्माए छोरो थियो रे। सफासुग्घर गरिएको त्यो बालकको अनुहार हेर्न चाहेँ मैले तर आमाले हेर्न दिन भएन (धरावासी, २०७३:३०१) ।

माथिका रेखाङ्कित शब्दहरू विशेषणले युक्त शब्द हुन्। यसले उपन्यासलाई रसिलो बनाएको छ ।

### ४.३.१.५ क्रियापदको चयन

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना, प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ । अर्थात कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । **राधा** उपन्यासमा क्रियापदको प्रयोग यसरी गरिएको छ ।

क) अब कथा समापन भएको सम्झी मानिसहरू आ-आफ्ना घरतिर जाने, प्रातः कार्यमा लाग्ने सोच्न लागेका बेला माइकमा फेरि आवाज आयो । बाबाजी फेरि कथा वाचनकै धुनमा बोलिरहेका थिए (धरावासी, २०७३:३२८) ।

माथिका रेखाङ्कित शब्दहरू क्रियापदले युक्त शब्द हुन् । यसले उपन्यासलाई रसिलो बनाएको छ ।

### ४.३.१.६ क्रिया विशेषणको चयन

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रिया विशेषण मानिन्छ । प्रस्तुत **राधा** उपन्यासमा प्रयोग गरिएका क्रियापदलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) एउटा-एउटा शालिग्रामका लागि हुरुक्क हुने भारतभूमिका भक्तहरू यहाँ आइपुगे कति खुशी हुँदा हुन् (धरावासी, २०७३:३१५) ।

माथि रेखाङ्कन गरिएको शब्द **राधा** उपन्यासमा प्रयुक्त विशेषण शब्द हो । यी शब्दले उपन्यासको भाषालाई निक्खरापन ल्याउने गर्दछ ।

### ४.३.१.७ नामयोगीको चयन

नाम वा नामझैं प्रयोग हुने नाम वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ सम्बन्धहरू जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हो । '**राधा**' उपन्यासमा प्रयुक्त नामयोगीका केही उदाहरणहरू निम्न अनुसार छन् :

क) मैले उनलाई आफ्नो जीवनको अबको लक्ष्य बताए । यो यात्राभरि म ठाउँठाउँ गएर प्रेम र हिंसाको प्रचार गर्नेछु (धरावासी, २०७३:२९३) ।

माथि रेखाडकित शब्द प्रस्तुत **राधा** उपन्यासमा प्रयोग भएका नामयोगी शब्द हो ।

#### ४.३.१.८ संयोजकको चयन

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ। यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ। यसलाई योजक पनि भनिन्छ। प्रकार्यका दृष्टिले वाक्यलाई पदावली, उपवाक्य, वाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्द वर्ग हो (लम्साल, २०६८ : ११)। **राधा** उपन्यासमा प्रयुक्त केही संयोजक निम्नानुसार रहेको छन् :

क) विशाखा पनि कति सजिलै नाङ्गिँदै थिई। त्यसका छातीमा पोटिला नवयौवना स्तनहरू झुण्डिरहेका थिए। त्यसको नितम्ब, कम्भर, पासुला, तिघ्रा र योनीसँगै सुहाउँदिला र स्वभाविक थिए (धरावासी, २०७३:२४०)।

माथि रेखाङ्कन गरिएका शब्दहरू **राधा** उपन्यासमा प्रयोग गरिएका संयोजक पदहरूका केही उदाहरण हुन्। उपन्यासमा प्रयोग भएका संयोजक पदहरूले स्वतन्त्र तथा अधीन उपवाक्यलाई जोड्नुका साथै पद, पदवली आदिलाई समेत जोडेको छ। उपन्यासमा यस्ता संयोजकहरूको प्रशस्त मात्रामा उपयुक्त र सान्दर्भिक चयन गरिएको देखिन्छ।

#### ४.३.१.९ निपातको चयन

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो। निपातले आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई द्योतन गर्दछन्।

क) तँ जहाँ जान्छेस् त्यही जान्छु नि। यो कुरा तिमी कलावतीलाई भनेकी छौं त ? (धरावासी, २०७३:२२२)।

### विचलन

#### १) व्याकरणिक विचलन

लिङ्ग, वचन, पुरुष, पदक्रम आदिमा देखिने विचलनलाई व्याकरणिक विचलन भनिन्छ। व्याकरणात्मक धारा तथा एकाईहरुको व्यवस्थित अनुक्रममा हुने अतिक्रमण नै व्याकरणिक विचलन हो। राधा 'उपन्यासमा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरुलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

पदक्रम विचलन

क) सान्है माया लाग्यो उहाँको। -(पृष्ठ ४१)

ख) माथि बादलमा सुशिलाको आकृति देखें हासिँरहेझै -(पृष्ठ १२५)

ग) हिउँद भएपनि बङगालको खाडीबाट उठेको बादलले सबैभन्दा छिटो असर गरिहाल्छ(पृष्ठ १६८)

**२) अर्थतात्विक विचलन**

अर्थको सन्र्दभमा देखिने विचलनलाई  अर्थतात्विक विचलन भनिन्छ । यसमा प्रकृतिको मानकीकरण र मानव को प्रतिकिकरण गरीएको हुन्छ । प्रस्तुत 'राधा ' उपन्यासमा प्रयोग भएका अर्थतात्विक विचलनका केहि उदाहरणहरु निम्न छनः

क) दाँत अनारका दानाजस्ता चम्किला र हार मिलेका पाइन्छन । (पृष्ठ १५)

ख) नीलो आकाश गहिरो समुद्रजस्ता फैलिएको थियो शिरमाथि । (पृष्ठ १७)

ग) मन त सिमलको भुवाजस्तो हलुङगो भएर जतातते उडिरहेको थियो । (पृष्ठ २२)

घ) सपेराका पछि डोरिएको बीनजस्तै म लुरुलुरु उनका पछि लागिरहे । (पृष्ठ १९८)

माथिका उदाहरणमा अर्थतात्विक विचलन भएको छ

**३) ध्वनितात्विक विचलन**

प्रत्येक भाषाको आ-आफ्नै ध्वन्यात्मक प्रक्रिया रहेको पाइन्छ । भाषिक उच्चारणका क्रममा देखा पन विचलनलाई ध्वनितात्विक विचलन भनिन्छ । शब्दको मानक स्वरुप भन्दा भिन्न किसिमले उच्चारण हुनु नै ध्वनिप्रक्रियात्मक विचलन हो।

प्रस्तुत 'राधा ' उपन्यासमा पनि मानक रुपभन्दा भिन्न विचलनयुक्त ध्वनिहरुको प्रयोग पर्याप्त पाइन्छ भन्ने तथ्य  उदाहरणबाट पुष्टि हुन्छ :

क) पुरुषका लागि हाम्रो शरीर एउटा विशिष्ट उपयोग्य वस्तु मात्र हो ; चुस्यो छोडयो  (पृष्ठ १७३)

ख) आमाले पनि सम्झाउनुभयो तर उसले मप्रतिको भक्तिभावना दर्शाउदै नगैनसक्ने जिद्धी त्यागिन । (पृष्ठ १७३)

ग) आफूसँग हुइन्जेल राजकुमारीलाई जस्तो माया गर्दै हुर्काउने अनि हुर्किएपछि दासीलाई जस्तो किन मिल्काउने - (पृष्ठ १७४)

माथिका रेखाङकन गरिएका शब्दहरुमा ध्वनिप्रक्रियात्मक विचलन देखिन्छ । जस्तै (क) मा रहेको छोडयो क्रियापदमा छोड्यो र (ख) वाक्यमा त्यागिन विचलित ध्वनिक्रमको मानक ध्वनि त्यागिन र (ग) मा हुइन्जेल विचल्लित ध्वनिक्रम को मानक ध्वनि होइन्जेल भन्ने हुन्छ ।

यस्ता ध्वनिप्रक्रियात्मक विचलनका उदाहरणहरु प्रस्तुत 'राधा ' उपन्यासमा प्रसस्त पाइन्छन ।

**४) सादृश्यगत विचलन**

उस्तै वा समान धर्म नभएका कुरालाई पनि समान धर्मी बनाइ देखाउनुबाट सादृश्य विचलन हुन्छ । प्रस्तुत 'राधा ' उपन्यासमा प्रयोग भएका केही सादृश्य विचलनका उदाहरणहरु यस प्रकार छनः

क) नभन्दै विस्तारै मानिसहरुको भिड पहाडमा भएको वर्षाले विरिङमा आएको बाढीभैँ देखियो । ( पृष्ठ ११२)

ख) भरिएको पूर्ण घडाजस्तो केही थप्नु थिएन आफूमा,भन्नु पनि केही रहेनछ मनमा । (पृष्ठ ११९)

ग) दिदी ! हामी दुवै एउटै दाउराले झिल्सिएका घाउ हौँ एउटै पीडा छ हाम्रो ।

माथि प्रस्तुत गरिएका उदाहरणको पहिलो वाक्यमा मानिसको भीडलाई बाढीसगँ, दोस्रो वाक्यमा मनलाई घडासँग र तेस्रो वाक्यमा घाउलाई पीडासँग सादृश्य गराइएको छ । यस्तो सादृश्य विचलनको प्रयोगले यस उपन्यासको भाषालाई औचित्यपुर्ण बनाइएको छ ।

**समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन । (शर्मा २०४८:१०)

विचलनको विपरीत देखापर्ने उपकरण समानान्तरता हो, किनभने विचलन अनियमितता हो भने समानान्तरता चाहिँ अतिरिक्त नियमितता हो । समानान्तरता दुई प्रकारका हुन्छन :

**बाह्य समानान्तरता**

प्रस्तुत 'राधा ' उपन्यासमा प्रयुक्त वाह्य समानान्तरताको केही उदाहरणहरु निम्नानुसार छनः

क) रासलीलाको घटना खरबारीमा आगो फैलिएजतिकै सारा गोकुलरी फैलियो । घरघरमा त्यो घटनाको चर्चा हुन थाल्यो - (शब्दगत समानान्तत)( पृष्ठ २६)

ख) म एउटा साह्रै राम्रो सपना देखिरहेकी थिए । सपनामा वृन्दावनको भाण्डीर उपवनमा म कृष्णका साथमा थिएँ । (पृष्ठ ८६)(वर्ण)( शब्दगत समानान्तत)

माथिको उदाहरणमा वर्ण , शब्द , पद आदिको आवृतिबाट बाह्य समानान्तरता सिर्जना भएको देखिन्छ । वाक्य 'क' मा घटना शब्द क्रमश दुइ पटक पुनरावृति भएको छ । ख मा म वर्ण दुइपटक पुनरावृति भएको छ त्यस्तै गरी वाक्य ग मा सामाजिक शब्द दुइ पटक पुनरावृति भएको छ ।

यसरी वाह्य समानान्तरताको प्रयोगद्वारा भषिक अभिव्यक्तिलाई प्रभावकारी र आर्कषण तुल्याईएको छ ।

**आन्तरिक समानान्तरता**

पर्याय, विपरीतार्थक , समवेशात्मकता जस्ता किसिमका शब्द वा वाक्यको प्रयोगबाट जुन आर्थी सौन्दर्य आउँछ त्यस शैलीय प्रकियालाई आन्तरिक समानान्तरता भनिन्छ । 'राधा ' उपन्यासमा यस्तो आन्तरिक समानान्तरता प्रशस्त पाइन्छ ।यहाँ केही उदाहरणहरु नमुना को लाागि दिएका छन्

क) फेरि यता फर्किएर नआउने र एकोहोरो गइरहने नदीको पानी जस्तो थियो यात्रा जस्तो । -( पृष्ठ २२५)

ख) जीवन नै एउटा यात्रा हो । जीवनमा आउने सवै सुखदुखलाई आत्मसात गर्दै अघि बड्नुपर्छ । - (पृष्ठ २२४)

ग) तलबाट छङछङ माथिबाट आगोको ज्वालो बलिरहेको दृश्य नै चमत्काजस्तो लाग्यो ।
(पृष्ठ २४४)

उपर्युक्त उदाहरणहरु मध्ये पहिलो वाक्य क मा जीवन भनेको बगिरहेको खोला जस्तै अगाडि फेरि फर्कन नसक्ने भन्ने अर्थ अभिव्यक्त भएको छ ।

त्यस्तैगरी वाक्य ख मा मानिसका जीवनभर विभिन्न उतारचढावहरु आईरहन्छन भन्ने अर्थ अभिव्यक्त भएको छ र वाक्य ग मा मुक्तिनाथमा एउटै प्वालबाट आगो र पानी पनि नि : सृत भएको देखिन्थ्यो भन्ने अर्थ अभिब्यक्त भएको छ ।

# अध्याय पाँच :

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

शैली वैज्ञानिक विश्लेषणको क्रममा प्रस्तुत राधा उपन्यासको शोधकार्यको परिचय, पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, भाषाविज्ञानको सैद्धान्तिक रूपरेखा प्रस्तुत गरिएको छ। उपयुक्त अध्ययनबाट शैली वैज्ञानिक अध्ययन भाषाविज्ञानको शाखाबाट लिइएको पाइन्छ। आधुनिक भाषा विज्ञानका जन्मदाता फर्डिन्यान्ड डि सस्युरले शैली विज्ञान सुरु गरे पनि उसका शिष्यले दिइएको योगदानलाई हामीले भुल्न सकिँदैन जस अनुसार शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्दा विश्लेष्य कृतिको भाषासंरचना र शैलीसम्मत प्रक्रियालाई अँगालेको हुन्छ। यस्तो शैली वैज्ञानिक अध्ययन विश्लेषण वस्तुगत र वैज्ञानिक आधारमा गरिने कृतिको नवीन विश्लेषण पद्धति हो। शैली वैज्ञानिक अध्ययन गर्ने क्रममा 'राधा' उपन्यासको अनुसन्धानलाई पूर्णता दिन पुस्तकालयीय विधि अपनाइएको छ। यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको उपयोग र द्वितीय स्रोतका रूपमा उपन्यास सम्बन्धी प्रकाशित समीक्षा, समालोचना, सम्बन्धित शोध प्रबन्धहरू रहेका छन्। कथानक तथ्यहरूलाई बुँदागत रूपमा प्रस्तुत गरी शैली वैज्ञानिक अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ। परिच्छेद विभाजनका साथसाथै कथानक विभाजनको औचित्य समेत यस शैली वैज्ञानिक अध्ययन विश्लेषणमा प्रकाश पारिएको छ।

पात्र वर्गीकरणको आधार अपनाइएको राधा उपन्यासमा पात्रहरूको शैली वैज्ञानिक तालिका समेत प्रस्तुत गरिएको छ। पाँच अध्यायमा विभाजन गरिएको राधा उपन्यास २३६ पृष्ठ ओगटेर कथानकको संरचना भएको छ। प्रस्तुत उपन्यासमा पात्रहरूको वर्गीकरण उनीहरूले निर्वाह गरेको भूमिकाका आधारमा उल्लेख गरिएको छ। चयनका आधारमा अध्ययन एवम् विश्लेषण गर्ने क्रममा तत्सम शब्दको चयन, तद्भव शब्दको चयन, नामको चयन, आगन्तुक शब्दको चयन, द्वित्व चयन आदि रहेका छन्।

## ५.२ निष्कर्ष

उपन्यासकार कृष्ण धरावासीद्वारा रचना गरिएको यो **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययन शीर्षकको शोत्रपत्रको अध्याय अनुसारको निष्कर्ष यसरी देखाइएको छ :

प्रस्तुत शोधपत्र राधा उपन्यासको शैली वैज्ञानिक अध्ययनको पहिलो अध्यायमा शोधको परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र

महत्त्व, अध्ययनको सीमाङ्कन र  अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ । यस अध्यायबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नअनुसार देखाइएको छ। पूर्वकार्यको समीक्षाले आफूले गरिने अनुसन्धानात्मक कार्यलाई गन्तव्यसम्म पुऱ्याउन सरल र सहज तुल्याउँछ। शैली र विज्ञान शब्दको योगबाट निर्मित शैली वैज्ञानिक भाषा माध्यमबाट गरिने आलोचनात्मक प्रणाली हो। साहित्य आधार सामग्री कला, माध्यम र भाषिक प्रतीक गरी तीन तहलाई आधार मानेर शैली वैज्ञानिक समालोचना गरिन्छ। शैली वैज्ञानिक समालोचनाले कृतिको विश्लेषण गर्दा साहित्यिक संरचना, भाषिक संरचना (ध्वनि, शब्द र व्याकरण) र शैली (चयन, विचलन र समानान्तरता) को प्रक्रिया अँगाल्दछ। तेस्रो अध्यायको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ : प्रस्तुत शोधपत्र पुस्तकालयीय अनुसन्धान ढाँचामा रहेको छ। तथ्याङ्क सङ्कलनका निम्ति प्राथमिक स्रोतका रूपमा राधा उपन्यासलाई लिइएको छ भने राधा उपन्यासका सम्बन्धमा पत्रपत्रिकमा प्रकाशित लेख तथा अन्य अप्रकाशित शोधपत्रहरूलाई द्वितीय स्रोतका रूपमा उपयोगमा ल्याइएको छ। यो शोधकार्य तयार गर्नको लागि तथ्याङ्क सङ्कलनका लागि पाठपत्र, सूचीपत्र तथा टिपोटपत्र आदि साधनको प्रयोग गरिएको छ। यसरी सङ्कलन गरिएका तथ्याङ्कलाई वर्णनात्मक विधि तथा शैली विज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर विश्लेषण गरिएको छ ।

यस अध्यायमा कथानक तथा पात्रका आधारमा राधा उपन्यासको शैली वैज्ञानिक अध्ययन गरिएको छ जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ। कथानक उपन्यासमा घटेको घटनालाई चरित्र मार्फत अभिव्यक्त गर्ने उपन्यासको अनिवार्य तत्त्व हो। त्यसैगरी राधा उपन्यासको कथावस्तु पाँच अध्यायमा विभाजन गरिएको छ। कथानकको विकास क्रमलाई फ्रेटागले चिनारी, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच चरणमा विश्लेषण गरेका छन् ।

**अध्याय : एक**

- कृष्ण साह्रै चञ्चले हुनु, सधैँ केही न केही बिगार गरिरहनु, कृष्ण सधैँ पिताम्बर बस्त्र पहिरिएर हिँड्नु, हातमा मुरली बोकेर बजाउँदै हिड्नु ।
- कृष्ण सानै चञ्चले भएकाले बाटो हिँड्दा केटीहरूलाई जिस्क्याउने, दही खोसेर खाइदिने, कर माग्नु, एकदिन ब्रजका केटाकेटीहरूलाई लिएर जङ्गलमा बनभोजको आयोजना गर्नु, भोलिपल्ट ब्रजबासीहरू रिसाएर बाबुआमालाई जथाभावी गाली गर्नु ।

- सुसिला र राधाले कृष्णले धेरै मन पराउनु, दुवैका बीचमा द्वन्द्व चर्किनु, कृष्णलाई ब्रजबासीहरूले कृष्ण गोपालवंशीय होइन भनी शंका गर्नु, त्यो कुराले यशोदालाई ठूलो चोट पर्नु ।
- बेलामौकामा कृष्णले गोपिनीहरूसँग ह्रासलीलाको आरम्भ गर्नु, राधालाई छल्नका लागि कृष्णले उसकै घरमा आइमाईको रूप लिएर जानु ।
- गाई हेर्न जाँदा जंगलमा एउटा भयानक साँढे आएर गोठालाहरूलाई दुःख दिँदा कृष्ण, बलरामले साँढेका दुवै सिंङ उखालेर मार्नु ।
- यो देखेर त्यहाँका केटाकेटीहरूले कृष्णलाई सामान्य मानिस नभएको शंका गर्नु ।
- कृष्णलाई ब्रजमा राख्न नसक्ने अवस्था आएपछि पढ्नका लागि मथुरा पठाउनु, कंस डराउनु, मथुराबाट कृष्णलाई लखेट्न खोज्नु ।

**अध्याय : दुई**

- कृष्ण र बलराम ब्रजबासीहरूसँग विदा नमागी वा थाहा नदिइकन रातको १:०० उठेर हिँड्नु, ब्रजबासीहरू दुःखी हुनु, उज्यालो हुनासाथ ब्रजबासमा उनीहरूको विषयमा खासखुस कुराहरू चल्नु, रोहिणी र यशोदालाई धेरै पीडा हुनु ।
- कृष्णको विछोडमा राधाले पीडा बोध गरेकाले यशोदाले त्यसो नगर्न सचेत गराउनु, कृष्ण जन्मको सम्बन्धमा उठेका प्रश्नले नन्द र यशोदाको बीचमा मैन झगडा हुनु ।
- नन्दलाई यशोदाले जथाभावी गाली गर्नु, प्रायश्चित्त स्वरूप नन्दसँग माफी माग्नु ।
- कृष्णले कंसको सम्बन्धमा थाहा पाएर जङ्गलमा लडाकु सेनालाई तालिम दिनु, त्यसमा कार्यमा गर्ग ऋषिले ठूलो सहयोग पुऱ्याउनु, सेनाहरू तालिम प्राप्त गराउँरा राधाले आर्थिक सहयोग पुऱ्याउनु ।
- कृष्णलाई सहयोग गर्नका लागि कंसको मन्त्री अक्रुर पनि अप्रत्यक्ष रूपमा लागि पर्नु ।
- तालिम केन्द्र निकै व्यवस्थित हुनु, तालिममा खर्च धेरै हुने, गर्ग ऋषिले खर्चको व्यवस्था मिलाइदिने वचन दिनु ।
- ब्रजबासीसँग राजा रिसाउनु, राधाले ब्रजबासको कर उठाएर राजाकहाँ पुऱ्याउनु, राधाको व्यवहारले कंस प्रभावित हुनु ।

- राधाले कंसको दरबारभित्र अक्रुरद्वारा पालिएकी यशोदा पुत्री एकनंसासँग भेट गर्नु, समयसमयमा कृष्णले अरुमार्फत राधालाई पत्र पठाउनु ।
- भित्रभित्रै मथुरामा युद्ध चर्किंदै जानु, कंसलाई युद्धसम्बन्धी जानकारी नहुनु, युद्ध चर्किंदै जाँदा कृष्णका सेनाहरू पनि हताहत हुनु, राधाकी प्रिय सखी सुशीलाको युद्धमा निधन हुनु ।

**अध्याय : तीन**

- युद्ध चर्किंदै जाँदा ब्रजबासका युवायुवतीहरू हराउँदै जानु, बुढापाकाहरू पनि घर छोड्दै हिँड्न थाल्नु ।
- राधा र विशाखाले सुशीलाका बाबुआमालाई सम्झाइ बुझाइ गर्नु, गाउँका युवा हराउँदै गर्दा अचानक कृष्ण र बलरामले कंसको हत्या गर्नु ।
- ब्रजबासीहरूले कंस मरेको उपलक्ष्यमा खुशियाली बनाउनु, कृष्ण र बलराम धेरै समयसम्म मथुरामा नै रहनु ।
- राजा कंसको हत्यापछि मथुराको राजा कंसको बाबु उग्रसेनलाई बनाउनु, उग्रसेनका राज्यमा कृष्णका सेनाहरू नियुक्ति हुनु ।
- कंसको हत्याको विषयमा रोहितको भनाइ 'हामी शसस्त्र सेनाहरू कंसका दरबारको वरिपरि झुण्डझुण्ड भएर घेरा हाल्यौं, त्यहाँका पसलहरू सबै बन्द गऱ्यौं । बजारका जनताहरूलाई सुरक्षित रहन आदेश दियौं त्यसपछि कंसको दरबारभित्र बलराम र कृष्णलाई प्रवेश गराएर कृष्णको हातबाट नै कंसको मृत्यु भयो' ।
- सजिलैसँग युद्ध जितेकामा सबै ब्रजबासीहरूले कृष्णको प्रशंसा गर्नु, राजकीय सम्मानद्वारा कंसको दाह संस्कार गर्नु ।

**अध्याय : चार**

- युद्धको समाप्तिपछि कृष्ण र बलरामको मथुरामा उपनयन कार्य सम्पन्न गर्नु, मथुरा र ब्रतबासमा पहिला जस्तै विभिन्न उत्सवहरू सुरु हुनु ।
- रथमा चढेर कृष्ण र बलराम मथुराबाट ब्रजबासमा आउँदै गरेको कुरा सुनाउन विशाखा राधाका घरतिर लाग्नु ।

- ब्रजबासीहरूले कृष्ण र बलरामलाई फूलमालाले स्वागत गर्नु, कृष्णलाई उद्धव ब्रजबासमा आउनु ।
- कृष्ण ब्रजबासमा आएर माता यशोदासँग सुपुत्री एकनम्साको भेट गराउनु ।
- छोरी एकनम्सासँग भेट हुँदा नन्द र यशोदाले हर्षका आँसु बगाउनु ।
- कृष्ण र बलराममा आएको उपलक्ष्यमा देश विदेशका राजा र राजकुमारहरूलाई निमन्त्रणा दिनु, एकनक्सा र कृष्णलाई साटासाट गरेकामा नन्द राय र बसुदेवसँग यशोदा माता र देवकीले रोष प्रकट गरेको ।
- कृष्णले समयसमयमा पठाएका पत्रहरू राधाले विशाखालाई देखाउनु, कृष्णले धेरैदिनसम्म भेट नदिँदा राधाले विशाखासँग गुनासो पोख्नु ।
- विशाखाले पुरुषहरू भनेका हाम्रा देवता हुन् भन्दै राधालाई फकाउनु ।
- कंसको हत्या भएपछि ससुरा जरासन्धले मथुरामा पटक-पटक आक्रमण गर्नु ।
- आक्रमणको कुरा कृष्ण र बलरामले थाहा पाएर सत्रौं पटकसम्म युद्ध गर्नु, युद्धमा असफल हुनु ।
- मथुरामा राज्य सञ्चालन गर्न कठिन भएकाले राज्यलाई द्वारकामा सार्नु र उग्रसेनलाई कृष्णद्वारा राज्याभिषेक गराइनु ।
- कृष्णलाई राधाले माया मार्नु, शशीकलासँग कृष्णले गुनासो गर्नु, कृष्णको सन्देश लिएर शशीकला राधालाई भेट्न जानु र विभिन्न किसिमका दर्शन प्रस्तुत गर्नु, शशीकलाको सल्लाह अनुसार राधा कृष्ण भेट्न द्वारका जानु ।
- कृष्ण द्वारकामा हुँदा रुक्मिणी शरण गर्नु र विवाह गर्नु, कृष्णको विवाह रुक्मिणीसँग भएपछि राधा विक्षिप्त हुनु ।
- कृष्णले रुक्मिणीलाई विवाह गरेपछि लगातार कालीन्दी, सत्यभामा, सत्या, सती, नाग्नजिती, जाम्बवती, लक्ष्मणा गरी आठवटी पत्नी ल्याएको ।
- राधालाई ईर्ष्या हुनु, कृष्णको यस्तो व्यवहारले ब्रजबासीहरूमा कृष्णप्रति आस्था र विश्वास घट्नु ।
- कृष्णको यस्तो घृणित व्यवहारले राधामा वैराग्य उत्पन्न भई तीर्थाटन जाने विचार गर्नु ।

**अध्याय : पाँच**

- राधाको तीर्थाटनको कुराले ब्रजबासमा हलचल मच्चिनु, सबै ब्रजबासीलई सम्बोधन गर्दै आफू वैष्णवी स्वरूप धारण गर्न र पुण्य कमाउन तयार भएको कुरा बताउनु ।
- राधाको यो निर्णयले विशाखा आफू पनि राधाको पछि लाग्न खोज्नु, आफूसँग पछि नलाग्न राधाले आग्रह गर्नु ।
- आफूले पहिलो पाइलो टेकेको धर्तीसँग विदा माग्नुका साथै यमुना नदीसँग पनि विदा माग्नु ।
- विशाखा र राधा बाटो लाग्नु, बाटामा दु:ख सुखका कुरा गर्नु, मध्यान्नमा तलाउको किनारमा बसेर खाजा खानु ।
- घर छोडेको रात बाटामा भेटिएको मक्काइसकेको घरमा राधा र विशाखा केही दिन बस्नु, घरको सरसफाइ गर्नु ।
- राधा र विशाखाले वरिपरिका मानिसलाई हामी तीर्थयात्री हुँ भन्दै परिचय दिनु,
- राधा र विशाखाले हिमालय खण्डका मानिसहरूलाई इमानदार मान्नु, बाटामा कसैले सोधे म राधा वृषभानुकी छोरी हुँ भन्दै परिचय दिनु ।
- राधा र विशाखा घुम्दै जाँदा एक दिन सासु र बुहारी मात्र भएको घरमा पुग्नु, विशाखा विरक्तिएर रुनु ।
- राधा र विशाखा एकाएक अर्को भीडसँग मिसिनु, गंगाका स्नान गर्नु, स्नानपछि एकाएक राधा भनेर कसैले पछाडिबाट सम्बोधन गर्नु, राधा नराम्ररी झस्किनु ।
- द्रौपदीको विवाह हुन लाग्नु, जसले बाजी जित्न उसलाई नै द्रौपदी दिन्छु भनी राजाले अका् थाप्नु, एकजना साना ब्राह्मणले बाजी जित्नु र द्रौपदीलाई सानो झुपडीमा लिएर आउनु, त्यो झुपडीमा बस्ने व्यक्ति अर्जुन हुनु, अर्जुनकी आमाले द्रौपदीलाई पाँचैजना बाँडी दिनु भनी आमाले भन्नु र द्रौपदी पाँच भाइकी पत्नी घोषणा गर्नु ।
- विगतका कथा कृष्णलाई कुन्तीले सुनाउनु, सूर्यसँगको सम्सर्गमा जन्मिएको पुत्रलाई गोप्य तरिकाले माझीलाई जिम्मा दिएको कथा सुनाउनु । कौरवले पाण्डवलाई साह्रै अत्याचार गरेको र उनीहरूको सुरक्षा गरेको कुरा उल्लेख छ । कुन्ती कृष्णकी फुपू हुनु र पाण्डवको पक्ष लिएर कृष्णले कौरवहरूलाई हराउँदै पाण्डवको विजय गराउनु ।

- कुन्तीले राधालाई महिलाहरू भनेका पुरुषका खुशीका लागि जे पनि सहनु पर्ने कुरा सुनाउनु, राधाले सात महिना लगाएर आत्मकथा लेख्नु र आफ्नो मन हलुङ्गो बनाउनु, बाबाजीले पढी सिध्याएपछि सबैजना आङ मर्काउन र कोही झाडीतिर जान थालेको प्रसङ्ग यहाँ छ ।

त्यसैगरी यस अध्ययनको क्रममा अध्याय चारमा नै मा शब्द चयनका आधारमा यस उपन्यासलाई तत्सम्, तद्भव र आगन्तुक तिनै स्रोतका आधारमा शब्दहरूको चयन गरी उपन्यासको भाषालाई सरल र मौलिक बनाइएको छ । नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्दचयन गरिएको छ । सरल, मिश्र र संयुक्त प्रकृतिका वाक्यहरूको चयन वाक्य संरचनाका आधारमा गरिएको छ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधपत्र शैली वैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन सक्दछ । त्यस्तै यस उपन्यासको भाषिक पक्षको बारेमा पनि आँकलन गर्न उपयोगी हुन्छ । यो उपन्यासमा पौराणिक कुरा धेरै गाभिएको छ । यसमा झापाको दक्षिण भेगमा रहेको ऐतिहासिक स्थल किच्चकवमा भेटिएको एउटा बाकस र बाकसभित्र रहेको अभिलेखका आधारमा तयार परिएको उपन्यास हो । यस उपन्यासका केही पक्ष सकारात्मक देखिए पनि केही पक्ष काल्पनिक देखिन्छन् । यो उपन्यासमा कतै सरलता देखिए पनि बढी मात्रामा गहन र जटिल जस्तो देखिन्छ ।

### ५.३.१ भावी अनुसन्धान पक्ष

उपन्यासकारका हस्ती नै मानिने कृष्ण धरावासीद्वारा रचना गरिएको **राधा** उपन्यासको शैली वैज्ञानिक अध्ययनले शैली विज्ञानसँग सम्बन्धित विषयमा अनसुन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महत्त्वपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति उपन्यासकारका रचना, भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू वा पक्षहरू हुन सक्छन् :

क) **राधा उपन्यास**भित्रका तत्सम शब्दको अध्ययन

ख) **राधा उपन्यास**भित्रका आगन्तुक शब्दको अध्ययन

ग) **राधा उपन्यास**का पात्रहरूको अध्ययन

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्राई बद्री विशाल (२०७०), **प्रयोगात्मक नेपाली शब्दकोष,** कमलपोखरी : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्ण, (२०६६), **नेपाली गद्य र नाटक,** कीर्तिपुर : क्षितिज प्रकाशन ।

ओली, राधिका (२०७१), **दृष्टि उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कन्काई बहुमुखी क्याम्पस, सुरुङ्गा : झापा ।

ढकाल, शान्तिप्रसाद (२०६७), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : सुजता प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), **सामान्य र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

तिवारी,भोलानाथ, (सन् १९९५), **भाषाविज्ञान**, इलाहावाद : किताव महल ।

त्रिपाठी वासुदेव (२०६५), **पाश्चात्य समालोचनाको शैदान्तिक परम्परा भाग २,** ललितपुर : साझा प्रकाशन ।

धरावासी, कृष्ण (२०७३), **राधा उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम, (सन् १९९२), **शैली विज्ञान**, गान्तोक : आकुरा प्रकाशन ।

निरौला, रोहित (२०६२), **नासो कथाको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

पुडासैनी, वीरेन्द्र (२०६१), **राजेश्वरी खण्डकाव्यको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

पन्थी, कविता (२०६३), **बसाइँ उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि कीर्तिपुर : काठमाडौ ।

पोखरेल, बालकृष्ण (२०४०), **बृहत नेपाली शब्दकोष**, काठमाडौँ : ने.रा.प्र.प. ।

बन्धु, चूडामणि (२०६५), **अनुसन्धान तथा प्रतिवेदन**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

बम, इन्द्रबहादुर (२०६४), **उपसंहार अर्थात् चौथौ अन्त्य उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि.कीर्तिपुर : काठमाडौं ।

बन्धु, खेम कोइराला र रामप्रसाद गौतम (२०६५), **अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६५) **भाषिक अनुसन्धान विधि** , काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०४३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यू हिरा बुक्स ।

भण्डारी, पारसमणि र शक्तिराज नेपाल (२०६७), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६३), **साहित्यशास्त्र र नेपाली समालोचना**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), **भाषिक अनुसन्धान विधि,** काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

मैनाली, रेनुका (२०६९), **नारी सन्देश काव्यको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, कन्काई बहुमुखी क्याम्पस सुरुङ्गा : झापा ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६६) **शोधविधि,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५८), **शैली विज्ञान,** काठमाडौं : ने.रा.प्र.प्र.।

सापकोटा, कृष्णचन्द्र (२०५९), **माइतघर उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौं ।